जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

विवाह पवित्र बन्धन हो,
विवाहलाई लेनदेनको विषय नबनाऔं,
विवाहमा दाइजो लिने र दिने काम नगरौं,
दाइजोको कारण हुने हिंसा अन्त्य गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २६ • अंक २५८ • २०८१ साल माघ ३० गते बुधवार (12 February, Wednesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## राजनीतिक संयन्त्रको बैठकमा अध्यादेशबारे छलफल

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी नेपालले भूमि सम्बन्धी अध्यादेशका बारेमा असहमति जनाएपछि सत्तारुढ दलको उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकमा गम्भीर छलफल भएको छ ।

मंगलबार साँझ प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको सत्तारुढ दलको उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकमा सरकारका कामकारबाही, अध्यादेश लगायतका विषयमा गहन छलफल भएको छ।

कांग्रेस-एमाले गठबन्धनलाई संयन्त्रले सहजीकरण गर्दै आएको छ। पछिल्ला दिनमा सत्तारुढ दलभित्रै पनि सरकारका कामकारबाहीलाई लिएर आलोचना भइरहेको छ सन्दर्भमा पनि बैठकमा छलफल भएको जनाइएको छ।

सरकारले ल्याएको अध्यादेशलाई पारित विकल्पका पक्षहरु बारेमा मंगलबारको छलफल केन्द्रित रहेको थियो।

सरकारले ल्याएका ६ वटा अध्यादेशमा राष्ट्रिय सभामा निर्णायक मानिएको जनता समाजवादी पार्टी नेपालले साथ नदिएकाले संसदमा निर्णयार्थ पेस हुन सकेको छैन।

### यादवले लोसपा र जनमतमाथि दबाब बढाए

# भूमि सम्बन्धी अध्यादेशलाई समर्थन नगर्ने जसपा नेपालको निर्णय

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले आधा दर्जन अध्यादेश संसदमा दर्ता गरेपछि चर्चामा आएको जनता समाजवादी पार्टी (जसपा) नेपालले सत्ता साझेदार लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) र जनमत पार्टीमाथि दबाब बढाएको छ।

जसपा नेपालले ५ वटा अध्यादेशलाई समर्थन गर्ने मंगलवार निर्णय गरेपनि भूमि सम्बन्धी अध्यादेशलाई समर्थन नगर्ने निर्णय गरेको छ।

जसपा नेपाल संसदीय दलको मंगलवार बसेको बैठकपछि अध्यक्ष उपेन्द्र यादवले निर्णय सार्वजनिक गरेसँगै देशको राजनीति तरंगित बनेको छ।

जसपा नेपालले भूमि सम्बन्धी अध्यादेशले तराई/मधेशलाई ठूलो अहित गर्ने निष्कर्ष निकाल्दै समर्थन नगर्ने निर्णय गरेको छ।




जसपा नेपालले भूमि सम्बन्धी अध्यादेश अस्वीकार गर्ने निर्णय गरेको सांसद दीपक कार्कीले जनाएका छन् । 'सरकारले ल्याएको भूमि सम्बन्धी अध्यादेश तराई/मधेशको हितमा छैन्' उनले भने, हामी तराई/मधेशलाई मरुभूमि बनाउने आत्मघाती कार्य गर्न सक्दैनौ।

माघ २४ गते दुबै सदनको कार्यसूचीमा अध्यादेश राखेपछि सोही दिन जसपा नेपालको संसदीय दलको बैठक बसेको थियो । बैठक चलिरहेकै बेला कार्यसूचीबाट अध्यादेश हटेपछि जसपा नेपालले त्यो दिन कुनै निर्णय गरेन।

भूमि सम्बन्धी अध्यादेश समग्र मधेश र मधेशीको हित विपरीत रहेको सुझाव पार्टीद्वारा गठित कार्यदलले दिएको उल्लेखगर्दै सांसद कार्कीले भने, राष्ट्रिय वन जंगल अतिक्रमण गरी, फडानी गरी अवैध रूपमा बसोबास गर्ने व्यक्तिलाई जग्गा बाँड्ने मनसायले यो अध्यादेश आएको विज्ञहरुको सुझाव छ। विज्ञहरुको सुझाव समेटिएको कार्यदलको प्रतिवेदनको आधारमा निर्णय गरिएको उनले जनाए।

जसपा नेपालको संसदीय दलको बैठक पश्चात् अध्यक्ष यादवले जारी गरेको विज्ञप्तिमा सरकारले जारी गरेको अध्यादेशहरू मध्ये "भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश" विभिन्न बहानामा विभिन्न व्यक्तिलाई जग्गाको परिमाणको सीमा तथा क्षेत्र समेत नतोकि बिक्री वितरण गर्ने वा बाँड्न ल्याइएको उल्लेख छ।

' अध्यादेशप्रति हाम्रो गम्भीर असहमति र विरोध रहेको छ ' अध्यक्ष यादवले जारी गरेको विज्ञप्तिमा अगाडि भनिएको छ, अध्यादेशले घरजग्गा व्यवसाय, अव्यवस्थित बसोबास, जग्गा विकास गरी घडेरी वा त्यस्तो घडेरीमा घर निर्माण गरी बिक्री वितरण गर्ने भनि सार्वजनिक जग्गा, नदी, खोला वा नहर किनारको जग्गा, वन, राष्ट्रिय निकुन्ज तथा आरक्षणको जग्गा, गौचर हाट, हाटघाट वा बजारको जग्गा, सडक छेउको जग्गा, वन क्षेत्र वा मध्यवर्ती क्षेत्र जनिएको जग्गा, बुट्यान क्षेत्र जनिएको जग्गाका साथै राष्ट्रिय वन जंगल अतिक्रमण गरी, फडानी गरी अवैध रूपमा बसोबास गर्ने व्यक्तिहरूलाई बाँड्ने लगायतका कार्यहरुबाट वन विनाश भइ पर्यावरण र जैविक विविधता नष्ट हुनुका साथै आन्तरिक बसाई सराई तथा आप्रवाशनमा अत्याधिक वृद्धिका कारण भविष्यमा आन्तरिक द्वन्द्वको सृजना भई मुलुकलाई नै छिन्नभिन्न पार्ने खेल हुनसक्ने सम्भावना छ।

'सरकारले जारी गरेको अध्यादेशहरू मध्ये "भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश" विभिन्न बहानामा विभिन्न व्यक्तिलाई जग्गाको परिमाणको सीमा तथा क्षेत्र समेत नतोकि बिक्री वितरण गर्ने वा बाँड्न ल्याइएको देखिन्छ ' उनले भनेका छन् , चुरिया क्षेत्रमा समेत यसबाट गम्भीर असर पर्न जानेछ, जसबाट तराई/मधेश मरुभूमिकरणमा परिणत हुनेछ।

'यो अध्यादेश पारित भएको खण्डमा केही भ्रष्टाचारी, कमिशन खोर, विचौलिया दलाल, सरकार नजिक रहेका व्यक्तिहरु, भू-माफियाहरू र ठूला रियल स्टेट व्यापारीहरुका साथै आवास कम्पनीहरुलाई नै अत्याधिक लाभ हुनेछ' अध्यक्ष यादवद्वारा जारी विज्ञप्तिमा भनिएको छ, सरकारले भूमिहीन दलित, भूमिहीन र गरिब सुकुम्वासी र अव्यवस्थित बसोबास आदिको समस्या समाधान गर्न चाहने हो भने नेपालको प्रचलित ऐन कानुनमा पर्याप्त व्यवस्था रहेको छ । सरकारले उनीहरुको समस्याको समाधान गर्नु पर्दछ । सरकारले गर्न पनि सक्दछ। "भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश" दीर्घकालिन रूपमा देश र समग्र राष्ट्रको हित विपरीत रहेको छ।

अध्यादेश पास गराउनमा राष्ट्रियसभामा निर्णायक रहेको जसपा नेपाल चर्चाको केन्द्रबिन्दुमा रहेको बेला भूमि सम्बन्धी अध्यादेशलाई समर्थन नगर्ने निर्णयपछि देशको राजनीतिमा नयाँ हलचल देखिएको छ।

अध्यादेशलाई समर्थन गर्न जसपा नेपालले सत्ता बार्गेनिङ गरेको आरोपलाई चिर्दै सत्तामा रहेका तराई/मधेश केन्द्रित दलहरु लोसपा, जनमत र अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीमाथि राजनीतिक दबाब बढाएको छ।

अध्यादेश ल्याउने सरकारको निर्णयमा लोसपा र जसपाको समर्थन रहेको छ ।जनमत पार्टी संघीय सरकारमा नरहेपनि अध्यादेशबारे औपचारिक धारणा सार्वजनिक गरेको छैन्।

अध्यादेश पास गराउनमा जसपा नेपाल राष्ट्रियसभामा निर्णायक अवस्थामा छ । जसपा नेपालको तीन सांसद राष्ट्रियसभामा छन् । तीन सिटबिना सरकारले अध्यादेश पास गराउन सक्दैन।

जसपा नेपालले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारलाई समर्थन गरे पनि सरकारमा सहभागी छैन। जसपा नेपाल न अहिले संघीय सरकारमा छ न प्रदेश सरकारमा। त्यही भएर उसको बार्गेनिङ पावर बढेको छ।

सो पार्टीलाई अहिले सत्ताधारी र विपक्षी दुबै दलले खोजिरहेका छन्। एमालेका अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेसका सभापति शेरबहादुर देउवाले फोन नै गरेर अध्यादेशमा सहयोग गर्न आग्रह गरिसकेका छन्। तर जसपा नेपाल त्यसमा सहमति जनाएको छैन।

राष्ट्रियसभामा वामदेव गौतमले कांग्रेस-एमालेलाई सहयोग गरे पनि एक सिटको अभाव छ। एक सिटमा राष्ट्रिय जनमोर्चाले समर्थन गरे पनि हुन्छ तर सो पार्टीले अध्यादेशमा सहयोग नगर्ने स्पष्ट गरिसकेपछि बल उपेन्द्र यादवको कोटमा पुगेको थियो।






# धरहराबाट १ करोड ५२ लाख राजस्व असुल

काठमाण्डु । गर्मी बढेसँगै धरहरा अवलोकनको समय पनि एक घण्टा बढाइएको छ । पुनःनिर्माणपश्चात् गत मङ्सिर ९ गतेदेखि सञ्चालनमा आएको धरहरा अवलोकनका लागि माघ १५ गतेदेखि एक घण्टा समय बढाइएको हो ।

माघ १४ गतेसम्म ३ः१५ बजेसम्म मात्र धरहरा चढ्न टिकट काट्ने गरिएको थियो । अहिले समय थप गरी ४ः१५ बजेसम्म टिकट काट्ने पाइने र साँझ ५ बजेसम्म चढ्न पाइने आयोजनाका कायम मुकायम निर्देशक प्रकाश अर्यालले जानकारी दिनुभयो । उहाँका अनुसार सञ्चालनको तीन महिना नपुग्दै प्रवेश शुल्कबापत १ करोड ५२ लाख राजस्व सङ्कलन भएको छ ।

गत मङ्सिर ९ गतेदेखि सर्वसाधारणलाई शुल्कसहित खुला गरिएका ऐतिहासिक धरहराबाट यही माघ २४ गते बिहीबारसम्ममा टिकट बिक्रीबापत उक्त रकम सङ्कलन भएको निर्देशक अर्यालले बताउनुभयो । प्रत्येक बुधबार धरहरा बन्द रहने भन्दै अन्य दिन यहाँ आउने नागरिकको सङ्ख्या दैनिक १ हजार २ सयको हाराहारीमा रहेको उहाँले जानकारी दिनुभयो ।



पछिल्लो समय छिमेकी मुलुकका पर्यटक पनि धरहरा अवलोकन गर्न आउने गरेका छन् । धरहरा चढ्न प्रतिव्यक्ति रु दुई सय शुल्क तोकिएको छ । विद्यार्थी, ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्तिलाई ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ ।

सार्क राष्ट्रबाट आउने पर्यटकलाई प्रतिव्यक्ति ५ सय र सार्कबाहेकका राष्ट्रबाट आउनेलाई प्रतिव्यक्ति १ हजार शुल्क लाग्ने गरेको अर्यालले बताउनुभयो । उहाँका अनुसार विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ बमोजिम शुल्क लिइ धरहरा सञ्चालनमा ल्याइएको हो । गत मङ्सिर ६ गतेको मन्त्रिपरिषद् बैठकले धरहरा खुला गर्ने र शुल्क स्वीकृत गर्ने निर्णय गरेको थियो ।

उक्त स्थानमा पार्किङ गर्दा चारपाङ्ग्रे सवारीका लागि प्रतिघण्टा २० र दुईपाङ्ग्रे सवारीका लागि १० तोकिएको छ । धरहरा परिसरमा प्रवेशका लागि ५० निर्धारण गरिएको छ । धरहरा स्तम्भमा राष्ट्रिय महत्वका विज्ञापन गर्न प्रतिघण्टा रु पाँच हजार तोकिएको छ भने व्यावसायिक भिडिओ छायाङ्कनका लागि प्रतिघण्टा ५ हजार र फोटोग्राफीका लागि प्रतिघण्टा १ हजार तोकिएको निर्देशक अर्यालले उल्लेख गर्नुभयो । रासस

# दुनाटपरी व्यवसायबाट दैनिक तीन हजारसम्म आम्दानी

मलंगवा । हरिवन नगरपालिका-४ गेल्हाका २० वर्षीय जितेन्द्र महतोले दुनाटपरी उद्योग सञ्चालन गरेर दैनिक रु तीन हजारसम्म आम्दानी गर्दै आउनुभएको छ । गाउँमा एक उदाहरणीय उद्यमीका रूपमा परिचित उहाँले दुनाटपरी बनाउने उपकरण थप गरी व्यवसाय विस्तार गर्नुभएको छ ।

सोमबार नयाँ उपकरणको उद्घाटन गर्नुभएका जितेन्द्रले आगामी दिनमा उत्पादन दुईगुणाले बढ्ने अपेक्षा व्यक्त गर्नुभयो । हरिवन नगरपालिकाले आयोजना गरेको लघुउद्यम कार्यक्रममा सहभागी भएर दुनाटपरी बनाउने सीप सिक्नुभएका उहाँले नौ महिना पहिला उद्योग सुरु गर्नुभएको हो ।

चुरेका वनमा खेर गइरहेको साल, भोर्लाको पातबाट दुनाटपरी बनाउने उक्त उद्योगमा महतोले २० जना युवालाई रोजगारी दिनुभएको छ । हरिवन-१० सुकेपोखरीस्थित चतुर्भुजेश्वर जनता बहुमुखी क्याम्पसमा स्नातक अध्ययनरत उहाँ १२ कक्षापछि वैदेशिक रोजगारीको योजनामा हुनुहुन्थ्यो । विदेश भासिने तयारीमा रहेको आफू वडाध्यक्ष केशवराज थापाको सहयोगमा उद्यमी बनेको उहाँले बताउनुभयो ।



"म कक्षा १२ (प्लस टु) सकेर विदेश जाने अन्तिम तयारीमा थिए", उहाँले भन्नुभयो, "वडाध्यक्षसँग सहयोग माग्न जाँदा उहाँले यही केही गर्नुपर्छ भनेपछि हौसला पाएर सीप सिकेको हुँ । नगरले आयोजना गरेको लघु उद्यमसम्बन्धी सेमिनारमा लैजानु भएपछि । मलाई पनि उद्यमी बन्ने रहर जागेको हो । रहर त जाग्यो । तर, लगानी नहुँदा निकै दुःख पाएँ । उहाँले सहयोग गरेपछि आज उद्यम गरिरहेको छु ।"

बजारमा दुनाटपरीको माग धेरै भएकाले रु तीन लाख ६० हजार पर्ने नयाँ उपकरण जडान गरेको महतोले बताउनुभयो । यसअघि रु दुई लाख ४० हजारमा एक थान उपकरण जडान गरेको उहाँले उल्लेख गर्नुभयो । "त्यसबाट विभिन्न पाँच प्रकारका दैनिक पाँच हजार दुनाटपरी उत्पादन हुने गरेको छ । अब दैनिक १० हजार बढी उत्पादन बजार पुऱ्याउने लक्ष्य छ", उहाँले भन्नुभयो ।

नयाँ उपकरण जडानपछि महिनामा तीन लाखसम्मको दुनाटपरी उत्पादन गर्न सकिने उहाँको दाबी छ । यसबाट मजदुर, उत्पादन, बजारीकरणसमेतको खर्च कटाएर दैनिक रु दुई हजार पाँच सयदेखि रु तीन हजारसम्म मुनाफा हुने उहाँले जानकारी दिनुभयो । रुखको पातबाट बन्ने भएकाले दुनाटपरी वातावरण मैत्री हुने भएकाले प्लास्टिकजन्य सामानभन्दा उपभोक्तालेसमेत धेरै रुचाउने गर्नुभएको उहाँको अनुभव छ ।

जितेन्द्रले स्थानीयस्तरमा उत्पादन भएका, वातावरण मैत्री सामग्रीको अधिक प्रयोग गरेर सबै तहबाट नवयुवा उद्यमीलाई प्रोत्साहन गर्न आग्रह गर्नुभयो । यसले वैदेशिक रोजगारीमा जाने क्रम निरुत्साहित गर्ने भएकाले लघु उद्यममा युवालाई जोड्न आवश्यक रहेको बताउनुभयो । "सुरुमा नपत्याएका बैंकहरूले अहिले ऋण लिन बोलाइरहेका छन् । सुरुमा उद्यम सुरु गर्छुभन्दा पुँजी थिएन", उहाँले स्मरण गर्नुभयो, "ऋण माग्दा बैंक तथा वित्तीय सङ्घसंस्थाहरूले दिएनन् ।"

अहिले फोन गरेर 'ऋण लैजानुस्' भनिरहेका महतोले बताउनुभयो । पहिलो पटक हरिवनमा रहेको सगुन बचत तथा ऋण सहकारीबाट लिएको रु एक लाख ऋणबाट सुरु भएको उद्योग सञ्चालनमा फेरि त्यसबेलाको जस्तो सङ्कट भोग्नु नपरेको उहाँले सुनाउनुभयो ।

जितेन्द्रले सञ्चालन गर्नुभएको भजुँबाबा दुनाटपरी उद्योगबाट उत्पादन भएका सामग्री जिल्लाको हरिवन, नवलपुर, बागमती, लालबन्दी, बरहथवा, बयलबास, मलङ्गवालगायत बजारसम्म पुग्ने गरेको छ । उपभोक्ताको मागअनुसार सालको पत्ता, भोज पत्ता, दुनाटपरीलगायत सामान बजारमा उपलब्ध गराउने गरेको उहाँले बताउनुभयो ।

जितेन्द्रजस्ता लगानी नभएका, उद्यमी बन्ने योजना भएकालाई नगरपालिकाले रणनीति बनाएर प्रोत्साहन गरिरहेको हरिवन नगरपालिकाका प्रमुख रमेश बुढाथोकीले बताउनुभयो ।

स्थानीय साधनस्रोतमा जोडेर युवालाई स्वरोजगार बनाए मात्र मुलुक समृद्धिको यात्रामा जाने वडाध्यक्ष केशवराज थापाले बताउनुभयो । पढाइ छोडेर रोजगारीका लागि विदेश जान सहयोग माग्ने युवालाई गाउँ घरमा उद्यम गरेर परिवारसँग बस्न प्रेरित गर्दै आइएको उहाँको भनाइ छ । रासस

# कागज बिनाको मोटरसाइकल बुझाइयो



**टुडे समाचारदाता**

रौतहट । रौतहट प्रहरीले चेकजाँचको क्रममा बिना कागजात फेला परेका १६ वटा मोटरसाइकल नियन्त्रणमा लिइ आवश्यक कारबाहीका लागि गौर भन्सार कार्यालयमा बुझाएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटले माघ १ गतेदेखि विभिन्न स्थानमा चलाएको विशेष चेकजाँच अभियानका क्रममा बिना कागजातको सवारीसाधनहरू फेला पारेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता तथा डिएसपी दिपककुमार रायले जानकारी दिए ।

प्रहरीका अनुसार नियन्त्रणमा लिइएका १६ वटा मोटरसाइकलको अनुमानित मूल्य करिब १२ लाख रुपैयाँ रहेको छ । नेपाल-भारत सीमावर्ती जिल्ला भएकाले यहाँ अवैध रूपमा सवारीसाधन ओसारपसार हुने गरेको देखिन्छ । प्रहरीको भनाइ अनुसार सवारीधनीहरूले कानुनी प्रक्रिया पूरा नगरी भारतबाट चोरी-निकासी गरी ल्याइएका वा भन्सार नतिरी भित्र्याइएका सवारीसाधनहरू सञ्चालन गर्ने क्रम बढ्दो छ ।

नेपाल प्रहरी तथा भन्सार प्रशासनले अवैध सवारीसाधनहरूको प्रयोग नियन्त्रण गर्न समय-समयमा विशेष अभियान सञ्चालन गर्दै आएको छ । सवारी ऐनअनुसार बिना कागजात भेटिएका सवारीसाधनहरू कानुनी प्रक्रिया अन्तर्गत भन्सार कार्यालयमा बुझाउनुपर्ने प्रावधान छ ।

प्रहरीले नागरिकलाई सवारीसाधन खरिद गर्दा आवश्यक कागजातहरू अनिवार्य रूपमा हेर्न र नियम अनुसार कर तिरेर मात्र सवारी सञ्चालन गर्न आग्रह गरेको छ । यस किसिमका चेकजाँचहरू आगामी दिनमा पनि जारी रहने जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# प्राधिकरणको चार वर्षको प्रगति सार्वजनिक

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश अन्तर्गतको आमसञ्चार प्राधिकरणको चार वर्षको प्रगति विवरण सार्वजनिक गरिएको छ ।

प्राधिकरणका अध्यक्ष श्याम सुन्दर यादवको चार वर्षिय कार्यकाल समापन भएको अवसरमा मंगलबार पत्रकार सम्मेलनमार्फत हालसम्मको उपलब्धि सार्वजनिक गरिएको छ ।



सो क्रममा यादवले आफ्नो नेतृत्वमा प्राधिकरणले २०७७ सालदेखि २०८१ सालसम्मको अवधिमा उल्लेखनीय प्रगति गरेको बताए ।

उनले भने, 'मधेश प्रदेश लोककल्याणकारी विज्ञापन व्यवस्थापन कार्यविधि २०७९ र पत्रकार स्वास्थ्य तथा दुर्घटना बीमा कार्यविधि २०७९ लाई मन्त्रिपरिषद्बाट पारित गराई कार्यान्वयनमा ल्याउन सफल भएका छौं । यसले सञ्चारकर्मीहरूको स्वास्थ्य र सुरक्षामा महत्वपूर्ण योगदान गरेको छ ।'

अध्यक्ष यादवले २०७९ सालदेखि मधेश प्रदेशका सञ्चारमाध्यमहरूलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउन थालेको जानकारी गराउँदै चालु आर्थिक वर्षमा ३१८ जना पत्रकारहरूको नाम सिफारिस गरी एक लाखको स्वास्थ्य बीमा र सात लाखको दुर्घटना बीमा गराउने सम्झौता राष्ट्रिय बीमा कम्पनीसँग गरिसकेको जानकारी दिए ।

त्यस्तै, महिला पत्रकारहरुको स्वास्थ्य र दुर्घटना बीमा कार्यक्रम २०७९ सालदेखि नै सुरु भएकोमा यसलाई थप विस्तार गर्दै सम्पूर्ण सक्रिय पत्रकारहरूलाई समेट्ने काम भएको उनले बताए । यादवका अनुसार प्रदेशका ३०९ वटा सञ्चारमाध्यमहरू (पत्रपत्रिका १६५, एफ.एम. रेडियो ६७, टेलिभिजन ९ र अनलाइन ६८) सूचीकृत भएका छन् । तिनीहरूले लोककल्याणकारी विज्ञापन प्राप्त गरिरहेका छन् ।

यादवले आफ्नो कार्यकालका चुनौतीहरूबारे पनि चर्चा गरे । पूर्णकालिन कर्मचारीहरूको अभाव र प्राविधिक समस्या प्रमुख चुनौती रहेको उनले बताए । यसका बाबजुद उनले संस्थागत सुधारका लागि ठोस कदम चालेको र आगामी नेतृत्वले अझ प्रभावकारी रूपमा काम गर्नुपर्ने आवश्यकता रहेको बताए ।

उनले प्राधिकरणमा भविष्यमा अझ धेरै सुधारको आवश्यकता रहेको धारणा राखे ।

# नवलपुरमा 'चार्जिङ स्टेशन'




नवलपुर । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को कावासोती-११ लोकाहामा विद्युतीय सवारीसाधन चार्ज गर्न 'फास्ट चार्जिङ स्टेशन' सञ्चालनमा आएको छ । सानाठूला गरी एकसाथ पाँचवटा सवारी चार्ज गर्न मिल्नेगरी स्टेशन सञ्चालनमा ल्याइएको हो ।

नेपाल विद्युत् प्राधिकरणको सहयोगमा एक करोड लगानी गरी चार्जिङ स्टेशन सञ्चालनमा ल्याएको स्थानीय विष्णु अधिकारीले बताउनुभयो । उहाँका अनुसार, राजमार्गसँगै जोडिएको मेरो पाँच कठ्ठा जमिन थियो, आफ्नै ठाउँमा केही गर्नुपर्छ भन्ने लागेर उक्त जमिनमा चार्जिङ स्टेशन सञ्चालनमा ल्याएँ । राजमार्ग विस्तारको काम चाँडो सम्पन्न भएमा चार्जिङ स्टेशनको क्षमता बढाउँदै चालकका लागि 'रिफ्रेस सेन्टर' समेत सञ्चालन गर्ने योजना छ ।

नारायणघाट-बुटवल सडकको एक सय १४ किलोमिटर खण्डमा निर्माण गरिएको एकमात्र फास्ट चार्जिङ स्टेशनमा चौबीसै घण्टा विद्युतीय गाडी चार्ज गर्न मिल्ने सुविधा रहेको उहाँले बताउनुभयो । "अहिले दैनिक ५० वटासम्म सवारी चार्ज भइरहेका छन्, विस्तारका क्रममा रहेको यस सडकको काममा ढिलाइ हुँदा समस्या भएको छ" उहाँले भन्नुभयो । बाटो विस्तारपछि थप १० वटा 'नोजल' थप गर्ने तयारीमा रहेको उहाँले बताउनुभयो ।

विद्युतीय गाडी चार्ज गर्ने बेलासम्म यात्रुलाई असुविधा नहोस् भनी आफूले चमेनागृह सञ्चालनमा ल्याएको अधिकारीले बताउनुभयो । "यहाँ सवारी मर्मत गर्ने ग्यारेज पनि थप गर्ने योजना छ", उहाँले भन्नुभयो । लोकाहामा सञ्चालनमा आएको यस चार्जिङ स्टेशनबाट जिल्लाका विद्युतीय गाडी प्रयोगकर्तासँगै पूर्वपश्चिम राजमार्ग भएर सञ्चालन हुने सवारीलाई निर्धक्क भएर यात्रा गर्ने वातावरण सृजना भएको उहाँको भनाइ छ ।

पछिल्लो समय विद्युतीय सवारीको चाप बढ्दो रहेको र सरकारको विद्युतीय सवारीलाई प्रोत्साहन गर्ने अवधारणाअनुरूप विद्युतीय सवारी फास्ट चार्जिङ स्टेशन सञ्चालनमा ल्याएको अधिकारीले बताउनुभयो । गाडीको ब्याट्री क्षमताअनुसार चार्जिङको समय लाग्ने र सोहीअनुसारको शुल्क लिने गरिएको उहाँको भनाइ छ । सवारी चार्ज गर्न लाग्ने समय फरक-फरक हुने उहाँले बताउनुभयो ।

"कुनै पनि गाडी शून्य चार्जमा यहाँ आउँदैनन्, १०/१५ प्रतिशत चार्ज बाँकी नै हुन्छ, इभी चार्ज गर्ने पनि मोबाइल चार्ज गरेजस्तै हो", उहाँले भन्नुभयो, "बढीमा एक घण्टाभित्र विद्युतीय गाडी सय प्रतिशत चार्ज हुन्छ ।" चार्जिङ स्टेशनमा एक सय ४२ किलोवाट क्षमताको चार्जर, त्यसमा विद्युत् आपूर्तिका लागि ५० केभिएको ट्रान्सफर्मर, अनलाइन बिलिङ प्रणाली जडान गरिएको उहाँले बताउनुभयो । चार्जिङ स्टेशनमा छिटो चार्ज गर्न मिल्ने ६०-६० किलोवाटका डिसी र २२ किलोवाटका एसी चार्जर राखिएका अधिकारीको भनाइ छ । रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेषःकार्यक्षेत्रमा लाभका अवसरहरू प्राप्त हुनेछन्।
वृष : एकाग्रताको साथमा मेहनत गर्नुभयो भने परिणाम अवश्य राम्रो आउनेछ।
मिथुनःतपाईंको कार्य समीतिमा सुधार हुनेछ।
कर्कटःकार्यक्षेत्रमा व्यवधान आउन सक्छ।
सिंह :प्रतिकूल समय अनुकूल बन्दै जानेछ।
कन्याःतपाईंको इच्छाको मान राखिनेछ।
तुलाःशुभचिन्तकहरूको सहयोगले रोकिएको कार्य हुनेछ।
वृश्चिकः चुनौतीको सामना गर्दा चोटपटकको सम्भावना समेत रहेको छ। धर्मकर्ममा रुचि बढ्नेछ।
धनुःआफन्तहरुसँग बसेर भविष्यको लागि दीर्घकालीन योजनाहरू बन्नेछन्।
मकरःलामो समयदेखि रोकिएको काम सम्पादन हुनेछ र मान प्रतिष्ठामा वृद्धि हुनेछ।
कुम्भःमनमा नैतिक र कर्तव्य भाव उत्पन्न हुनेछ।
मीनःआर्थिक दृष्टिकोणले समय सामान्य रहेको छ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |



**गोरुगाडामा पराल ओसार्दै किसान** : सुनसरीको इनरुवा नगरपालिका-१ मा गोरुगाडामा पराल ओसार्दै किसान । ट्र्याक्टरको बढ्दो प्रयोगसँगै पछिल्लो समय गोरुगाडाको प्रयोग न्युन हुँदै गएको छ। *तस्बिर : रासस*

# शालिक स्थापनाको माग

**टुडे समाचारदाता**

रौतहट । गौरमा निर्माणाधीन घण्टाघरमा मधेशी शहीदहरूको शालिक स्थापनाको माग गर्दै जनता समाजवादी पार्टी (जसपा) नेपाल निकट जनवर्गीय संगठनहरूले गौर नगरपालिका प्रमुख शम्भु साहलाई ज्ञापनपत्र बुझाएका छन् । समाजवादी युवा संघ नेपाल रौतहट र समाजवादी विद्यार्थी युनियनको नेतृत्वमा ज्ञापनपत्र बुझाइएको छ ।

ज्ञापनपत्रमार्फत २०७२ सालको मधेश आन्दोलनका क्रममा शहादत प्राप्त मधेशी शहीदहरूको सम्मानका लागि गौर नगरपालिकाको स्वामित्वमा रहेको घण्टाघरमा उनीहरूको शालिक निर्माण गर्न माग गरिएको छ ।

शहीदहरूको स्मृतिमा निर्माण गर्न प्रस्ताव गरिएका शालिकहरूमा स्व. राजकिशोर ठाकुर, शेख तवरेज आलम, शेख



मैनुदिन, र विद्यानन्द यादवको नाम समावेश छ ।

सो क्रममा मेयर साहले मधेशी शहीदहरूको शालिक स्थापनाको मागप्रति आफू सकारात्मक रहेको बताए । गौर नगरपालिकाका सबै नागरिकहरूको सम्मान र पहिचानसँग जोडिएको उल्लेख गर्दै आउँदो हप्तामा सर्वदलीय बैठक बोलाई सहमतिका आधारमा निर्णय गर्ने प्रतिबद्धता जनाए । २०७२ सालमा भएको मधेश आन्दोलनका क्रममा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलसँगको झडपमा कयौं मधेशी नागरिकले ज्यान गुमाएका थिए । त्यस क्रममा गौरमा मात्र चार जना युवाहरूले शहादत प्राप्त गरेका थिए ।

ज्ञापनपत्र बुझाउने क्रममा समाजवादी युवा संघ नेपाल रौतहटका अध्यक्ष पुन प्रताप पटेल, समाजवादी विद्यार्थी युनियनका केन्द्रीय सचिव ललन यादव, समाजवादी दलित संघ नेपाल रौतहटका अध्यक्ष उदयनारायण राम लगायतका नेताहरूको सहभागिता रहेको थियो ।


# वाग्मती पुलको बिम चर्किएपछि मर्मत थालियो

चन्द्रपुर । पूर्वपश्चिम महेन्द्र राजमार्गअन्तर्गत रौतहट र सर्लाही जिल्लाका बीचमा रहेको वाग्मती नदीको पुल मर्मत थालिएको छ ।

डिभिजन सडक कार्यालय चन्द्रनिगाहपुरले डेढ किलोमिटर ड्राइभर्सन बनाएर पुल मर्मत सुरुआत गरेको हो । केही दिन अगाडि पुलको बिम (गिर्डर) चर्किएको थियो । पुलको पूर्वतर्फ ४ र ५ नम्बरको स्परमाथि जडान गरिएको बिम झण्डै आठ सेन्टिमिटर चर्किएको कार्यालयका प्रमुख अरुणकुमार कर्णले जानकारी दिनुभएको छ ।

यही माघ २६ गते डाइभर्सन बनाएर २८ गतेदेखि पुल मर्मतको काम थालिएको उहाँले जानकारी दिनुभयो । करिब ५५ वर्षअघि नेपाल सोभियत सङ्घ सहयोगअन्तर्गत निर्माण भएको वाग्मती नदी पुलको चार-पाँच नम्बर स्परको बीचमा रहेका बिममा रहेको बेरिङ राख्ने 'प्याडेस्टल' कङ्क्रिट फुटेको उहाँले बताउनुभयो ।

पुलमा आधुनिक प्रविधिबाट उच्च गुणस्तरको कङ्क्रिट हालेर ढलान गरिने काम भइरहेको प्रमुख कर्णले बताउनुभयो । यही बेला अन्य बिमको पनि सरसफाइ तथा बेरिङ र कङ्क्रिटको अवस्था हेर्ने उहाँले बताउनुभयो । आगामी फागुन



२ गतेभित्र पुल सञ्चालनमा ल्याउनेगरी काम भइरहेको उहाँले जानकारी दिनुभयो ।

चौबिसै घण्टा व्यस्त रहने पुलको यथाशीघ्र मर्मत गरेर पुलबाट सवारी सञ्चालन गराउने लक्ष्य लिएको उहाँले बताउनुभएको छ । पुलको ४-५ नम्बर स्पानको बीचमा बिम चर्किएर समस्या आएपछि पुल महाशाखाको टोली आएर स्थलगत निरीक्षण गरेर दिएको सुझावका आधारमा मर्मत सुरु गरिएको उहाँको भनाइ छ । सम्भवतः फागुन २ गतेदेखि पुलबाट सवारी सञ्चालनमा आउने उहाँले जानकारी दिनुभयो । माघ २५ गते सडक डिभिजन कार्यालयले पत्रचार नै गरेर २७ गतेदेखि सवारी आवागमनमा रोक लगाइएको थियो । पुलको बिम चर्किएपछि सवारी आवागमन थप जोखिमपूर्ण बनेको थियो ।रासस

# सिमेन्टको मूल्यवृद्धिलाई लिएर उद्योगमन्त्री र सांसदबीच सवाल-जवाफ

**अशोक घिमिरे**

काठमाण्डु । सिमेन्टलगायत निर्माण सामग्री एवं खाद्य वस्तुको मूल्यवृद्धि सम्बन्धमा छलफल गर्न बसेको राष्ट्रियसभा, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति बैठकमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद गोपीबहादुर सार्की अछामीबीच सवाल-जवाफ भएको छ ।

बैठकमा सांसदहरूले उठाएको जिज्ञासाको जवाफ दिने क्रममा उद्योगमन्त्री भण्डारीले सिमेन्टको मूल्यवृद्धि हुनुमा उद्योगमा भएको 'लोडसेडिङ'को पनि भूमिका रहेको बताएपछि माओवादी सांसद अछामीले बीचैमा प्रतिवाद गर्दै सो सम्बन्धमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग बहस गर्न आग्रह गर्नुभयो ।

सांसद अछामीले भन्नुभयो, "माननीयमन्त्रीज्यू, यो बहस यहाँ गर्ने होइन, त्यो बहस ऊर्जा मन्त्रालयमा गर्ने हो, हामीसँग यहाँ गर्नुपर्ने नै होइन ।" मन्त्री भण्डारीले उद्योगमा लोडसेडिङ छ, छैन भन्ने कुराको पनि तथ्यमा हेर्नुपर्ने बताउनुभयो । "अब लोडसेडिङ छैन भन्नुहुन्छ, विद्युत् प्राधिकरणले 'सेड्युल' दिएको छ, बोलाउनु न प्राधिकरणलाई म त आग्रह गरिहेको छु समिति सभापतिलाई", लोडसेडिङको तालिका हेर्न सुझाउँदै उहाँले भन्नुभयो, "यो मूल्यवृद्धि भएका बेलामा लोडसेडिङ कति भयो त्यसको सेड्युल हेरौँ न, कसैले लोडसेडिङ छ भन्ने कसैले छैन भन्ने हामीले गरिराख्नुपर्छ र ?"

सांसद अछामीले "त्यो कुरा हाम्रो सरोकारको कुरा भएन, त्यो त्यही मन्त्रालयसँग गर्नुस", भन्नुभयो । मन्त्री भण्डारीले सरकारको निकाय विद्युत् प्राधिकरण भएकाले छलफल हुनुपर्ने उल्लेख गर्नुभयो । सांसद अछामीले भन्नुभयो, "महँगी



नियन्त्रण हुनुपर्‍यो, उद्योग मन्त्रालयको ध्यान त्यहाँ पुग्नुपर्‍यो भन्ने मात्रै हाम्रो कुरा हो ।"

नेकपा (एकीकृत समाजवादी)का सांसद राजेन्द्रलक्ष्मी गैरेले मूल्य बढाउनुमा सांसदको भूमिका हो भनी प्रश्न गर्नुभयो । सो प्रश्नमा उद्योगमन्त्रीले 'छैन' भन्ने जवाफ दिएपछि सांसद गैरेले प्रस्ताव गर्नुभयो, "छैन, भने चै जसको हो त्यहीँनेर छलफल गरौँ न त ।"

मन्त्री र सांसदबीच सवाल-जवाफ भएपछि समिति सभापति सोनामगेल्जेन शेर्पाले 'हस्तक्षेप' गरी 'यसलाई यही थाती राखौँ' भनी प्रस्ताव गर्नुभयो । समयको अभाव भएको भन्दै सभापति शेर्पाले विषय केन्द्रित धारणा राख्न मन्त्रीलाई निर्देश गर्नुभयो ।

मन्त्री भण्डारीले समितिको निर्देशन सरकारलाई स्वीकार्य भएको बताउनुभयो । "म फेरि पनि भन्छु, समितिले जे निर्देश गर्छ, त्यो मान्छु", उहाँले भन्नुभयो, "विद्युत् प्राधिकरण सरकारभन्दा बाहिरको निकाय पनि होइन, यो सरकारी निकाय हो ।" यत्तिकैमा एकीकृत समाजवादीका अर्का सांसद उदयबहादुर बोहराले सिमेन्टलगायत निर्माणजन्य सामग्रीको मूल्यवृद्धि हुनुमा 'कस्ट अफ प्रोडक्ट' प्रस्टसँग आउनुपर्‍यो भन्नुभयो । सिमेन्टको मूल्य तोक्नका लागि अहिले समिति गठन भइसकेको जानकारी दिँदै मन्त्री भण्डारीले भन्नुभयो, "के-केमा वृद्धि भएको हो, त्यो समितिले लिएर आउँछ ।"

मूल्यवृद्धिको सम्भाव्य कारकका बारेमा उद्योगमन्त्रीलेप्रस्ट्याउँदै गर्दा पुनः सांसद अछामीले प्रश्न गर्नुभयो, "मूल्यवृद्धिमा सांसदहरूले पनि साथ दिनुपर्‍यो भन्ने जस्तो कुरा आयो नि त ? हामी त्यो त गर्दैनौं, यति छोटो अवधिमा जति मूल्य बढ्या छ, यो जायज छ ?"

मन्त्री भण्डारीले सभापतिको अनुमति लिएर आफूले बोलिरहेको उल्लेख गर्दै भन्नुभयो, "माननीयज्यू, यस विषयमा सरकारलाई निर्देश गर्नुस् ।" सांसद अछामीले, "सरासर उपभोक्ता ठग्न त पाइए न नि भनी", भन्नुभयो ।"

जवाफमा मन्त्री भण्डारीले आफ्नो भनाइ दोहोर्‍याउँदै भन्नुभयो, "समितिबाट निर्देश गर्नुस् सरकारलाई, मूल्यवृद्धि घटेको छ, घटाउने कोसिस भइरहेको छ, यससम्बन्धी आवश्यक समिति बनेको छ, समितिको जे निष्कर्ष आउँछ, त्यसलाई मान्नुपर्छ ।"

मन्त्री भण्डारीले सांसदलाई आफूले मूल्यवृद्धि गरिदिनुस् भनेर नभनेको भनी स्पष्ट पार्नुभयो । सवाल-जवाफ नरोकिएपछि पुनः सभापति शेर्पाले 'हस्तक्षेप' गर्दै विषयमा प्रवेश गर्न मन्त्रीलाई ध्यानाकर्षण गराउनुभयो ।

सभापतिको निर्देशनपछि मन्त्री भण्डारीले मूल्यवृद्धिका कारणहरूमध्येमा लोडसेडिङ पनि भएको दाबी गर्नुभयो । "लोडसेडिङ कसरी भयो ? बाढीपहिरोले माथिल्लो तामाकोशी आयोजनामा क्षति पुग्यो, त्यसको उत्पादन घट्यो, यो त प्राधिकरणले स्वीकारे कै छ त", उहाँले भन्नुभयो, "सिमेन्टको मूल्य यसकारणले बढेको छ भनेको हुँ, उद्योगी व्यवसायीले आफूखुसी बढाएको चाहीँ होइन ।"

यद्यपि सरकार उद्योग पनि जोगाउने, मूल्यवृद्धि पनि नियन्त्रण गर्ने, उपभोक्तालाई राहत दिनेमा प्रतिबद्ध रहेको र यससम्बन्धमा समितिबाट स्पष्ट निर्देशन होस् भन्नेमा आफू रहेको उहाँको भनाइ थियो । सरकारको धारणा दोहोर्‍याउँदै मन्त्री भण्डारीले भन्नुभयो, "राज्यको दायित्व उद्योग पनि जोगाउने हो, उपभोक्तालाई राहत दिने पनि हो ।"

समिति सभापति शेर्पाले अध्ययन समितिको प्रतिवेदन र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयँसग उद्योगमा भएको लोडसेडिङको विषयमा छलफल गरिने बताउनुभयो । उहाँले यससम्बन्धमा व्यापक छलफलपछि मात्रै निष्कर्षमा पुगिने बताउनुभयो ।रासस

# चार अर्ब लगानीमा ६ वटा उद्योग खोलिँदै

लहान । सप्तरीको सुरुङ्गा नगरपालिका-३ स्थित लक्ष्मीनगरमा 'बिग इन्डस पदमनगर' औद्योगिकग्राम स्थापना गरिने भएको छ । व्यवसायी वीरेन्द्र न्यौपानेका अगुवाइमा दुई वर्षभित्र रु चार अर्ब लागतमा १४ बिघा क्षेत्रफलमा छवटा उद्योगको निर्माण हुने जनाइएको छ ।

पूर्वप्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सम्मानित नेता झलनाथ खनालले उक्त 'बिग इन्डस पदमनगर'को शिलान्यास गर्नुहुँदै यसले देशको उद्योग क्षेत्रमा योगदान पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो । "यो एक ऐतिहासिक परियोजना हो । मुलुकलाई माया गर्ने र उद्योगधन्दामार्फत देशलाई समृद्धितर्फ लैजान यस औद्योगिक क्षेत्रले महत्त्वपूर्ण योगदान दिने छ भन्ने मैले विश्वास लिएको छु", नेता खनालले भन्नुभयो, "निजी क्षेत्रले धेरै काम गर्न सक्छन् र देशभक्त उद्यमीले देशमै उद्योगधन्दा सञ्चालन गरी रोजगार सृजना गर्न सक्षम छन् भन्ने यो एउटा उदाहरण हो ।"

उहाँले देशभित्रै उद्योगधन्दा सञ्चालन गरी बेरोजगारीको समस्या समाधानसहित युवाहरूको बढ्दो विदेश पलायन रोक्न सकिने



विचार व्यक्त गर्नुभयो ।

विभिन्न निर्माण कम्पनी सञ्चालक तथा हाइड्रोपावर व्यवसायीसमेत रहनुभएका 'बिग इन्डस पदमनगर'का सञ्चालक स्थानीयवासी न्यौपानेले आफ्ना हजुरबुबा पदमबहादुरले सामाजिक क्षेत्रमा पुर्‍याएको योगदानलाई चिरस्थायी बनाउन आफ्नै जन्मभूमिको माटो सुहाउँदो छ उद्योग स्थापना गर्न लागेको जानकारी दिनुभयो । "देश विदेशमा ठूला प्रोजेक्टमा काम गर्दैगर्दा स्वदेशमा पनि केही गर्ने हुटहुटीका कारण यहाँको माटो सुहाउँदो उद्योग सञ्चालनका लागि सोचेर निर्णय लिएको हुँ । हरेकपटक गाउँ आउँदा स्थानीयले आफ्नो जन्मथलोका लागि पनि कुनै काम गरिदिनुपर्‍यो भन्नुहुन्थ्यो", शिलान्यास समारोहमा उहाँले भन्नुभयो, "यसबाट यहाँका दाजुभाइ दिदीबहिनीलाई प्रत्यक्ष लाभ पुग्ने विश्वास लिएको छु ।"

उहाँका अनुसार आँप, फर्सी, कटहर, तरबुजालगायत फलफूलको जुस प्याकेट बनाउन 'पल्प' उद्योग निर्माण गरिने छ । आँपको समयमा किसानले उत्पादन गरेका आँप दिनको १० टनका दरले खरिद गरिने छ । यसबाट यहाँका किसानले आँपको बजार र मूल्य नपाउने समस्या समाधान हुने उहाँले बताउनुभयो । त्यसैगरी, दुई हजार मेट्रिक टनको 'कोल्ड स्टोरेज' स्थापना गरी किसानले उत्पादन गरेका कृषिजन्य वस्तुको बिक्रीका लागि हुने समस्या हटेर जाने सञ्चालक न्यौपानेको भनाइ छ ।

उहाँका अनुसार भारतीय पेट्रोलियमसँगको सहकार्यमा 'लुब्रिकेन्ट्स' उत्पादन गर्ने उद्योगको पनि स्थापना गरिने छ । त्यसैगरी, अन्य उद्योगमा सिसा र बोटल उद्योग, 'बिटुमिन'का पेन्टस् उद्योग र सौर्य प्लान्टबाट तीन मेगावाट विद्युत् उत्पादन गरी राष्ट्रिय ग्रिडमा जोड्नेगरी उद्योगको संरचना निर्माण र सञ्चालन गर्न करिब दुई वर्षको समय लाग्ने उहाँले बताउनुभयो । "त्यसले पाँच सय जनालाई प्रत्यक्ष र पाँच हजार परिवारलाई अप्रत्यक्ष रोजागारीको अवसर सृजना हुन्छ", सञ्चालक न्यौपानेले भन्नुभयो । रासस

सोही क्रममा सुरुङ्गा नगरपालिकाका प्रमुख गीता चौधरीले उद्योग स्थापनापछि यस क्षेत्रका जनता प्रत्यक्ष रूपमा लाभान्वित हुने भन्दै खुसी व्यक्त गर्नुभयो । उहाँले यस ठाउँमा उद्योग स्थापनापछि सुरुङ्गाको नाम उचाइमा पुग्ने विश्वास व्यक्त गर्नुभयो । पालिकाका तर्फबाट उद्योग सञ्चालनमा आवश्यक सहयोग गर्ने प्रतिबद्धता पनि उहाँले जनाउनुभयो ।

परियोजनाका प्रबन्धक भीष्म रेग्मीका अनुसार यस यौद्योगिक क्षेत्रको सबै संरचना निर्माणका लागि रु चार अर्ब लागत अनुमान रहेको छ ।

# ४ हजार ७ सय लाई न्यानो कपडा वितरण

वीरगञ्ज । जिल्ला प्रशासन कार्यालय पर्साले शीतलहरबाट प्रभावित गरिब तथा विपन्न समुदायका तीन हजार परिवारका चार हजार सात सय जनालाई कम्बलसहित न्यानो कपडा वितरण गरेको छ ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले विभिन्न सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गरी शीतलहर प्रभावितलाई कम्बल, ब्लाङ्केट, जुत्ता/चप्पल, मोजालगायत न्यानो कपडा वितरण गरेको जानकारी दिनुभयो ।

प्रजिअ अर्यालले शीतलहरबाट प्रभावित गरिब तथा विपन्न परिवारलाई न्यानो कपडालगायतका राहत सामग्री उपलब्ध गराई विपद् व्यवस्थापन कार्य एवं राहत वितरण कार्यमा सक्रिय भूमिका खेल्ने नौ वटा सङ्घसस्थालाई सम्मान गरेको जानकारी दिनुभयो ।

कार्यालयले कम्बलसहितका न्यानो कपडामा वितरणमा उल्लेखनीय भूमिका निर्वाह गरेको भन्दै सशस्त्र प्रहरी बल नेपाल नं १३ गण हेडक्वाटर पर्साका गणपति राधेश्याम धिमाललाई कदरपत्रसहित सम्मान गरेको हो ।

यस्तै, रुङ्गटा वेलफेयर सोसाइटी वीरगञ्ज, उद्योग वाणिज्य सङ्घ, नेपाल रेडक्रस सोसाइटी, रोटरी क्लब अफ वीरगञ्जलाई कदरपत्रसहित सम्मान गरिएको छ ।

साथै नेपाल युवा उद्यमी मञ्च वीरगञ्ज च्याप्टर, ग्रीन सिटी सामुदायिक सेवा केन्द्र पर्सा, लायन्स क्लब वीरगञ्ज र नेपाल पत्रकार महासङ्घ पर्सा शाखालाई पनि सम्मान गरिएको छ ।रासस


मधेश प्रदेश सरकार

**शिक्षा तथा संस्कृति मन्त्रालय**


जनकपुरधाम, धनुषा, नेपाल

**स्वयंसेवक शिक्षक भर्ना सम्बन्धी सूचना**

सूचना प्रकाशन मितिः २०८१/१०/३०

माध्यमिक तह (कक्षा ९-१०) का लागि स्वयंसेवक शिक्षक करारमा भर्ना लिने सम्बन्धी विज्ञापनको सूचना शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेश, जनकपुरधामको वेभसाइट www.mowcys.madhesh.gov.np मा राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**निमित्त प्रदेश सचिव**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### माथिल्लो तहबाट नै भ्रष्टाचार हटाउनु पर्छ

भ्रष्टाचारको जरो कर्मचारी नै रहे जस्तो कतिपय नेताहरुले तलब, सुविधा वृद्धि गरिदिए त्यो न्यून हुने तर्क गरेको देखिन्छ । कर्मचारीको तलब, सुविधा वृद्धि गरेर भ्रष्टाचार न्यून गर्न सकिन्छ भने तर्क एउटा हुन सक्छ । तर यथार्थमा त्यो होइन् । भ्रष्टाचार न्यून गर्न नीति निर्माणमा रहेको सर्वोच्च तहबाट नै प्रयास हुनुपर्छ । नीति बनाएरै पनि व्यापक भ्रष्टाचार हुने गरेको छ । ठूला भ्रष्टाचारमा कर्मचारीको संलग्नता देखिए पनि यथार्थमा त्यो बलीको बोका मात्र बनेका हुन्छन् । उच्चपदस्थ जनप्रतिनिधिहरुले भ्रष्टाचार गर्न कर्मचारीलाई बाध्य बनाइरहेका हुन्छन् । मन्त्री अथवा अन्य राजनीति हस्तीको निर्देशन अनुसारको सहज हुने कागजात तयार नगर्ने कर्मचारी जुनसुकै तहका भएपनि त्यो केही घण्टामै स्थानान्तरण हुनुपर्छ । भ्रष्टाचारमा कर्मचारीको संलग्नता नै नहुनेपनि होइन् । तर भ्रष्टाचारको जरो भने कर्मचारी मात्र होइन् । भ्रष्टाचार न्यून गर्न इमान्दारीपूर्वक प्रयास गरिने हो भने माथिल्लो तहबाट नै सुरु गरिनु पर्छ । राजनीतिमा संलग्न व्यक्तिहरु इमान्दार भए कर्मचारीले आर्थिक अनियमितता गर्ने साहस गर्न सक्दैन् । देशको हरेक ठूला भ्रष्टाचारमा उच्च पदासीन नेताहरुको संलग्नता रहेको यथार्थ लुकेको छैन् । हरेक प्रकारको भ्रष्टाचारमा संलग्न हुने नेताहरुको कारण नै देशमा सुशासन कायम हुन सकिरहेको छैन् । लामो समय राजनीति गरेपनि पदमा जाने वित्तिकै सबैको हिसाब भ्रष्टाचारबाट गर्ने प्रवृत्ति विद्यमान छ । चुनावमा गरिने बेसुमार खर्चपनि पदमै पुगेर असुल गरिन्छ । नेपालमा चुनाव महँगो हुनुको जिम्मेवार कर्मचारी पक्कै होइन् । क्षमता भन्दा बढी  खर्च गरेर भएपनि चुनाव जित्ने र पदमा जाने बित्तिकै कर्मचारीमाथि अनावश्यक दबाब सृजनागरी रकम असुल गर्ने नेताहरु भ्रष्टाचारको जननी हो । देशमा बढदो महँगीसँगै कर्मचारीहरुको सेवा, सुविधा बढाउने निर्णयपनि सरकारले नै गर्ने हो । समयानुकूल कर्मचारीहरुको सेवा, सुविधा वृद्धि गर्नुपर्ने बुझेरपनि सरकारमा रहेका नेताहरु किन मौन छन् ?कर्मचारीको तलब, सुविधा वृद्धि नभएसम्म भ्रष्टाचार न्यून नहुने निष्कर्ष निकालेका नेताहरुले कर्मचारीको सरुवामा कति कमिसन खाने गर्छन् ? भने पनि बुझ्केकै हुनुपर्छ । हरेक खरिद, टेण्डर, कर्मचारी सरुवा, कर्मचारी भर्ना लगायतमा नेताहरुले मोटो रकम लिने गरेको यथार्थ कसैबाट लुकेको छैन् । सर्वाधिक भ्रष्टाचारमा लिप्त रहेकाहरुले पनि कर्मचारीलाई नै दोष दिएर चोखिने प्रयास गर्छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३४ औं स्थापना दिवसमा नेताहरुले कर्मचारीको तलब, सुविधा वृद्धि नभएको कारण भ्रष्टाचार बढेको राग अलापे र चोखिने प्रयास गरे ।

# सरकारको 'ड्रिम प्रोजेक्ट' धौवादी फलाम खानी



राजेन्द्र विष्ट

सरकारले नवलपुरको हुप्सेकोट, बुलिङ्टार र बौद्धकालिका गाउँपालिकामा रहेको धौवादी फलाम खानीलाई 'ड्रिम प्रोजेक्ट'का रूपमा अगाडि बढाउन तयारी थालेपछि स्थानीय बासिन्दा, जनप्रतिनिधि र उद्योगी-व्यवसायी उत्साहित भएका छन् । फलाम खानी सञ्चालन हुन सकेमा देशकै अर्थतन्त्रमा ठूलो योगदान पुग्ने भन्दै उनीहरूले यस परियोजनालाई छिटो कार्यान्वयनमा ल्याउन आग्रह गरेका छन् ।

हुप्सेकोट गाउँपालिकाका अध्यक्ष लक्ष्मी पाण्डेले सबैभन्दा बढी यो खानी हुप्सेकोटका जनताको जीवनसँग जोडिएकाले यथाशक्य सञ्चालनको माग गर्नुभयो । धौवादी फलाम खानी सञ्चालनमा तीनै तहका सरकारका साथै निजी क्षेत्रको समन्वय आवश्यक रहेको बताउँदै उहाँले भन्नुभयो, "खानी सञ्चालनमा स्थानीयस्तरमा आइपर्ने समस्या समाधान तथा आवश्यक अन्य सहयोगका लागि गाउँपालिकाको साथ र सहयोग रहनेछ ।"

नवलपुर क्षेत्र नं २ का पूर्वसांसद तिलक महतले उक्त फलाम खानी उत्खननका विषयमा जनतामा समान तथा सकारात्मक धारणा रहेको जनाउँदै नवलपुरका जनताको पूर्ण साथ, समर्थन र सहयोग रहेकाले सरकारले द्रुत गतिमा खानी सञ्चालनमा ल्याउनुपर्ने बताउनुभयो । उहाँले सो खानी उत्खननको काम सुरु गरिए कम्तीमा पाँच हजार जनशक्तिले रोजगारी पाउने र यो आयोजनाले मुलुकको व्यापार घाटा कम गर्ने बताउनुभयो । "यो आयोजना नेपालको गौरवको आयोजना हो, यसले देशको अर्थतन्त्रमा आमूल परिवर्तन मात्र ल्याउँदैन, यसले खर्बौंको बाहिर मुलुकबाट भइरहेको फलामको आयातलाई निरुत्साहित गर्छ, यो हामी नवलपुरवासी मात्र नभई देशकै लागि खुसीको कुरा हो", उहाँले भन्नुभयो ।

रुद्रसेन राजाका पालादेखि सो फलाम खानी सञ्चालनमा भएको इतिहास रहेको छ । गण्डकी प्रदेशको पूर्वी नवलपरासीमा पर्ने हुप्सेकोट, बुलिङ्टार र बौद्धकालिका गाउँपालिका क्षेत्रमा ४१ वर्ग किलोमिटरमा फलाम रहेको तथ्य फेला परेपछि उत्खननका लागि विस्तृत अध्ययन गरिसकिएको छ । उक्त खानी क्षेत्र पूर्व-पश्चिम राजमार्गको मध्यविन्दुमा रहेको छ ।

संविधानसभा सदस्य एवं गण्डकी प्रदेशका पूर्वमन्त्री तथा वर्तमान प्रदेशसभा सदस्य रोशन गाहाले धौवदी फलाम खानी उत्खनन नेपालको समुन्नतिका लागि अहिलेको आवश्यकता भएको बताउनुभयो । उहाँले राससँग कुरा गर्दै भन्नुभयो, "धौवादी फलाम खानीको उत्खनन देशका लागि आवश्यकता मात्र होइन, जनताको समृद्धिको गौरवको आयोजना हो, प्राविधिक रूपमा अध्ययन सकिएको छ, देशको मध्यभागमा भएकाले पायक पर्ने ठाउँ छ, यहाँको फलाम पनि राम्रो छ, यो फलामले देशको आम्दानी पनि राम्रो हुन्छ ।" यो फलाम खानी सिङ्गो देश र जनताको हितमा रहेको आयोजना भएकाले द्रुत गतिमा सञ्चालन हुनुपर्ने बताउनुभयो ।

प्रदेशसभा सदस्य गाहाले मगर समुदायको बसोबास रहेको सो फलाम खानी क्षेत्रको बस्तीलाई व्यवस्थित गरी केरङ्गे, बौलाहा, पत्थर, झरइलगायत खोलाको व्यवस्थित तटबन्धन तथा नियन्त्रण गरेर खानी उत्खनन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले देशभरका अन्य आयोजना तथा परियोजनाका तुलनामा बस्ती सार्न तथा खेतीयोग्य जग्गाको प्रयोग अत्यन्त कम मात्र पर्ने भएकाले न्यून क्षतिमा यो गौरवको आयोजना सञ्चालन गर्न सकिने जानकारी दिनुभयो । महाभारत शृङ्खलामा रहेको यो खानी सञ्चालनले मुलुकमा हुने फलामको आयातलाई विस्थापन गर्न सकिने उहाँको भनाइ छ ।

नेपाललाई फलाममा आत्मनिर्भर बनाउन प्रधानमन्त्री केपी शर्मा ओलीले विशेष चासो व्यक्त गरेपछि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले धौवादी फलाम खानीलाई सरकारको 'ड्रिम प्रोजेक्ट'कै रूपमा अगाडि बढाउन पहल थालेको हो । सरकारी तवरबाटै सो खानी उत्खनन गर्न कम्तीमा ५ वर्षको समय लाग्ने भएपछि सरकारले द्रुत गतिमा फलाम खानी सञ्चालनका लागि पहल थालेको हो ।



उद्योगमन्त्री दामोदर भण्डारीले उक्त खानीलाई द्रुत गतिमा सञ्चालनका लागि गर्नुपर्ने विभिन्न विकल्पका लागि परामर्श थाल्नाका साथै थाती कामलाई अगाडि बढाउन पहल थाल्नुभएको छ ।

सरकारले धौवादीलाई विशेष महत्व दिएर काम अगाडि बढाउन प्रक्रिया थालेको मन्त्री भण्डारीले जानकारी दिनुभयो । "सम्माननीय प्रधानमन्त्रीज्यूले यो परियोजनालाई विशेष महत्वका साथ लिनुभएको छ, फलाम आयातलाई प्रतिस्थापन गर्नका लागि धौवादीलगायत देशका अन्य फलाम खानीलाई उत्खनन गर्न उहाँको विशेष दृढता छ, धौवादी फलाम खानीको काम किन अगाडि बढ्न सकेन र यसका जटिलता समाधानका उपाय के हुन् खोजी गरेर समाधान गर्नुपर्ने छ", उहाँले भन्नुभयो ।

धौवादी फलाम खानी उत्खननको काम द्रुत गतिमा अगाडि बढाउन सरकारले यसको स्वरुपलाई परिवर्तन गर्न खोजेको उहाँले जानकारी दिनुभयो । मन्त्री भण्डारीले भन्नुभयो, "धौवादीलाई सरकारले उद्योगका रूपमा स्थापना गरेपछि ५५ प्रतिशत सरकारको र निजी क्षेत्रको ४५ प्रतिशत शेयरको व्यवस्था गरेपछि यसमा आकर्षण बढ्न सकेन, सरकारको आफ्नै लगानीमा सम्भव छैन, त्यसैले यो खानी उत्खनन गर्न निजी क्षेत्रको विशेष आकर्षणका लागि सरकारले पहल बढाएको छ ।"

राससँग कुरा गर्दै उहाँले अहिलेकै गतिमा धौवादीको काम अगाडि बढाउँदा वर्षौं लाग्ने भएकाले सरकारले द्रुत गति दिन विकल्प खोजिरहेको र छिट्टै त्यो समाधान हुने बताउनुभयो । केही दिन पहिला फलाम खानीसँग सम्बन्धित भारतलगायत नेपालका विज्ञ तथा सरोकारवालाबीच धौवादी फलाम उद्योग द्रुत सञ्चालनका विषयमा राय, सुझाव लिइएको जानकारी दिँदै मन्त्री भण्डारीले यो खानी उत्खननका लागि सार्वजनिक-निजी साझेदारी 'मोडेल'मा लैजानुपर्ने सुझाव प्राप्त भएको सुनाउनुभयो ।

उहाँका अनुसार सरकारले सो खानी उत्खननका लागि निजी क्षेत्रलाई आह्वान गरिसकेको र निजी क्षेत्रको शेयर बढाउने विषयमा उद्योग मन्त्रालयले पहल थालेको छ । "निजी क्षेत्रलाई आकर्षण गर्न सार्वजनिक खरिद ऐनलगायत केही कानुनमा जटिलता छ, ती कानुन परिमार्जन गरेर निजी क्षेत्रको आकर्षण बढाउने काम भइरहेको छ, निजी क्षेत्रको शेयर बढाउँछौँ र सरकारको शेयर घटाउँछौँ, अनि यसलाई हामी चाँडै अगाडि बढाउँछौँ", मन्त्री भण्डारीले भन्नुभयो । उहाँका अनुसार सरकारको वर्तमान अनुमानअनुसार धौवादीको उत्खननमा रु ५२ अर्ब बजेट आवश्यकता पर्छ ।

उहाँले धौवादी उत्खननको प्रक्रिया अगाडि बढाउन सरकारले आगामी बजेट नपर्खिएर विकल्प खोज्ने बताउनुभयो । उहाँले धौवादी उत्खननका प्रक्रिया द्रुत बनाउन छिट्टै यो विषयलाई मन्त्रिपरिषद् बैठकबाट पास गरिने जानकारी दिनुभयो । सरकारी प्रक्रियाबाट उक्त खानी उत्खननका प्रक्रिया लम्बिन जाने भएकाले निजी क्षेत्रमार्फत छिट्टै काम थालिने उहाँको भनाइ छ । साथै, मन्त्री भण्डारीले स्थानीय सरोकारवाला र जनप्रतिनिधिसहित धौवादी फलाम खानीको केही दिनअघि अवलोकन गर्नुभएको थियो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष कुशकुमार जोशीले राज्यको स्रोत पहिचान भएर परिचालन हुनुलाई सकारात्मक भएको बताउनुभयो । उहाँले धौवादी फलाम खानीलाई सरकारले कम्पनीकै रूपमा खडा गरेर धेरै लगानी गरिसकेकाले यसको बजारीकरणमा निजी क्षेत्रलाई सम्मिलित गरेर नयाँ प्रविधि भित्र्याई काम अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो । "धौवादी फलाम खानीको सञ्चालनमा अब ढिलाइ गर्नु हुन्न, फलाममा मात्रै बर्सेनि राज्यको खर्बौं रकम बाहिर गइरहेको छ, यसको व्यावसायिकीकरण जरुरी छ, यो परियोजना जलविद्युत् कम्पनीभन्दा पनि ठूलो परियोजना हो, सरकार, समुदाय र निजी क्षेत्र एक भएर स्रोत परिचालन गरी छिटोभन्दा छिटो खानी सञ्चालन गर्नुको विकल्प छैन", जोशीले भन्नुभयो ।

नवलपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष वैकुण्ठप्रसाद अर्यालले धौवादी फलाम खानी द्रुत सञ्चालनका विषयमा यहाँका उद्योगी तथा व्यवसायीको समान धारणा रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "सरकारसँग धौवादी फलाम खानी यथाशक्य सञ्चालन गर्न बारम्बार हामीले माग गरिरहेका छौं, हामीबाट सरकारलाई गर्नुपर्ने आवश्यक सहयोग गर्न हामी तयार छौं, यहाँका जनताको पनि समान धारणा पनि यही हो ।" उहाँले फलाम खानी सञ्चालनमा आए सिङ्गो नवलपुरको विकास हुनाका साथै स्थानीयको आयआर्जन तथा रोजगारीका सम्भावना पनि बढ्ने उहाँको भनाइ छ ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत डा जनकबहादुर चन्दले आइरन तथा स्टिल उत्पादन गर्न आर्थिक र प्राविधिक रूपमा सम्भव देखिएको, 'जिरो वेस्ट' अवधारणा रहेको, विदेशी मुद्रा सञ्चित हुने, फलाम तथा फलामजन्य वस्तुको अयातमा एक चौथाइ हिस्सा कम हुने र भविष्यमा हाइड्रोजनको प्रयोग गरी हरित स्टिल उत्पादन गरिने बताउनुभयो । उहाँका अनुसार उद्योग स्थापना भएसँगै दुई हजारदेखि दुई हजार ५०० जनाले प्रत्यक्ष र २० देखि २५ हजारले अप्रत्यक्ष रूपमा रोजगारी पाउने छन् ।

अध्ययनले परियोजनाको पुँजीगत लागत रु ५१ अर्ब २५ करोड लाग्ने प्रक्षेपण गरेको छ । उक्त क्षेत्रमा नौ करोड ९० लाख टन फलाम रहेकामा नौ करोड ६० लाख टन मात्र उत्खनन गर्न सकिने, आइरन/स्टिल उत्पादन क्रममा उद्योगको डिआरआई (डाइरेक्ट रिड्युस आइरन) प्लान्टबाट करिब ७० मेगावाट विद्युत् उत्पादन हुने र उक्त क्षेत्रमा फलाम उत्पादन भएमा व्यापार घाटा प्रतिस्थापन गर्न सकिने डा चन्दले बताउनुभयो ।

कम्पनीका निर्देशक तथा भूगर्वविद् शैलेशकुमार थापाले हाल कम्पनीको विस्तृत सम्भाव्यता अध्ययन कार्य सम्पन्न भई खानी योजना कार्य सम्पन्न गरेर खानी तथा भू-गर्भ विभागमा स्वीकृतका लागि पेस भएको जानकारी दिनुभयो । उहाँका अनुसार जोखिम मूल्याङ्कन कार्य र सम्भाव्यता अध्ययनले औँल्याएका थप 'कोर ड्रिलिङ'का लागि सम्झौताको चरणमा रहेको तथा वातावरणीय अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार गरी खानी उत्खनन, प्रशोधन तथा फलाम/स्टिल कारखाना निर्माणको व्यावसायिक उत्पादनको लक्ष्य राखिएको छ । रासस

# युरोप निर्यात हुन थाले बटुका

चन्द्रकला भण्डारी

किसानको बारीमा खेर गइरहेको सुपारीको पातबाट बनेका थाल, बटुकालगायतका सामान युरोपको बजारसम्म बिक्री हुन थालेको छ । बजारमा माग बढेपछि झापामा सुपारीको पातका सामान बनाउन आधा दर्जन उद्योग स्थापना भएका छन् । तीमध्ये मेचीनगर-१३ मा सञ्चालनमा रहेको लिफ प्लस प्रालिले सुपारीको पातबाट निर्मित थाल, बटुका, चम्चा, दुना, पालालगायतका सामग्री जर्मनी, फिनल्यान्ड र अमेरिकामा निर्यात भइरहेको जनाएको छ ।

प्रालिका प्रबन्ध निर्देशक कोविदसिंह बानियाँले सुपारीको पातबाट बनेका सामान वातावरणमैत्री र रसायनमुक्त हुने भएकाले स्वदेशी सुपरमार्केटदेखि विदेशका पार्टी प्यालेस र रेस्टुरेन्टहरूमा लोकप्रिय बनेको बताउनुभयो । आर्थिक वर्ष २०८०/८१ मा रु एक करोड ६० लाखको सुपारीका थाल बटुकालगायतका सामान बिक्री भएको जनाउँदै उहाँले ६० प्रतिशत अर्थात् रु एक करोडका सामग्री युरोप र अमेरिका निर्यात भएको बताउनुभयो ।

सुपारीको राजधानी मानिएको झापामा २०७४ सालमा नयाँ सोचका साथ अघि बढ्न चाहने युवा व्यवसायीको एउटा समूहले मेचीनगर-९ मा सुपारीको पातबाट घरायसी सामान उत्पादन गर्ने उद्योग 'लिफ प्लस प्रालि' स्थापना गरेको थियो । मकवानपुरका कोविदसिंह बानियाँ, दाङका स्वाभिमान आचार्य, झापाका हरि दाहालको संयुक्त लगानीमा रु एक करोड ५० लाख लगानीमा स्थापना भएको उद्योगमा हालसम्म रु चार करोड लगानी भइसकेको छ ।

दुई वर्षअघि आगलागी भएर ठूलो क्षति भएपछि उद्योगलाई मेचीनगर-९ बाट १३ मा स्थानान्तरण गरिएको छ । आगलागीबाट पुरानो मेसिन काम नलाग्ने बनेपछि भारतबाट नयाँ मेसिन ल्याइएको बानियाँले बताउनुभयो । "सालको पातबाट जस्तै सुपारीको पातबाट दुना टपरी बनाउन सकिन्छ भन्ने लागेर यसको व्यावसायिक उत्पादन गर्ने योजना बनायौँ," उद्योगका संस्थापकमध्येका बानियाँले भन्नुभयो, "सुरुमा स्थानीय बजारमा यसलाई चिनाउन केही समय लाग्यो । पछि विदेशमा बजार प्रवर्द्धन गर्दै युरोपर अमेरिकाको बजारसम्म यसलाई पुर्‍याउन सफल भएका छौं ।"



माइक्रोवेभमा तताउन मिल्ने, रेफ्रिजेरेटरमा चिस्याउन मिल्ने, वातावरणमैत्री, नचुहिने र प्राकृतिक रुपमै विसर्जन गर्न सकिने विशेषताका कारण विदेशी बजारमा नेपालमा निर्मित सुपारीको थाल, बटुकालगायतका सामान छिट्टै लोकप्रिय बनेको उहाँको भनाइ छ । सुरिलो बोटको टुप्पामा झुप्प भएर सुपारीका पात हुर्किने गर्छन् । सुपारी खेतीको भुइँमा किसानहरूले अन्य बाली लगाउने गर्छन् । ठूलो आकारका पात खेतीमा झरेर बाली नोक्सान नहोस् भनेर विगतमा किसानहरू यसलाई खेताला लगाएर बारीबाट हटाउने गर्थे । तर अहिले बोटबाट आफैँ झरेका पात बिक्री भएपछि किसानहरूले अतिरिक्त आम्दानी पाउन थालेका छन् । एउटा पात रु चारका दरले बिक्री हुने गरेको छ ।

झापामा दुई हजार ६०० हेक्टरभन्दा बढी क्षेत्रफलमा ३५ लाख वटा सुपारीका बोट रहेको छ । एउटा बोटबाट बर्सेनि पाँचदेखि आठवटा पात छिप्पिएर खस्ने गर्छन् । यस हिसाबबाट बर्सेनि दुई करोड ५० लाखभन्दा बढी पात खेर गइरहेको छ । उद्योगहरूले त्यही खेर जान लागेको पातलाई उपयोग गरेर सामान उत्पादन गर्दछन् । यसबाट सुपारी किसानले फलबाहेक पातको मूल्य पाउने अवस्था सिर्जना भएको छ ।

स्वदेशभित्र मठमन्दिरमा हुने पूजा, विवाह, व्रतबन्ध र सार्वजनिक समारोहको भोजभतेरमा सुपारीको पातबाट बनेका सामान प्रयोग हुने गरेको छ । भाटभटेनी, सेल्सबेरी, होटल सोल्टीलगायतका राजधानीका ठूला होटल र रेस्टुरेन्टमा यी सामग्री प्रयोग हुँदै आएको उद्योगका सञ्चालक बानियाँ बताउनुहुन्छ ।

झापाको बाहुनडाँगी, शान्तिनगर र बुधबारेबाट सुपारीका पात सङ्कलन हुँदै आएको उद्योगले जनाएको छ । ती क्षेत्रका अरू उद्योगबाट उत्पादित सामान उद्योगले किनिदिने गरेको छ । लिफ प्लस प्रालिमा १९ जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । मेसिन सञ्चालन र पात सङ्कलनमा रोजगारी पाउने अधिकांश महिला श्रमिक छन् । उद्योगमा जडान गरिएको सातवटा मेसिनले दैनिक १२ हजार वटा थाल, बटुकालगायतका सामान उत्पादन गर्दै आएको छ ।

अर्जुनधारा नगरपालिका-२ मा इनर्जी क्रप्स नाम उद्योगले पनि सुपारीको पातबाट दुना टपरीलगायतका सामान उत्पादन गर्दै आएको छ । सञ्चालक दीपक ढुङ्गानाले रु एक करोडमा स्थापना गरिएको उद्योगमा १० जनाको संयुक्त लगानी रहेको बताउनुभयो ।

सञ्चालकहरू आफैँ सुपारीको पात खोज्न किसानका बगानमा पुग्ने गर्छन् भने उत्पादित सामान बिक्रीका लागि आफैँ खटिने गर्छन् । सुपारीको सुकेका पातलाई सङ्कलन गरेर सजिलैसँग उद्योगको कच्चापदार्थ बनाउने गरिएको छ । सुरुमा पातलाई सरसफाइ गरिन्छ र सफा पानीमा धुने काम हुन्छ । धोइसकेपछि चिसोपना हटाउन घाममा सुकाइन्छ । त्यसपछि मात्र कम्प्रेसर मेसिनमा राखेर दुना टपरीको आकार दिइन्छ । प्लास्टिकबाट बनेका थाल बटुकाको विकल्पका रूपमा सुपारीका पातबाट बनेका थाल, बटुकाहरू प्रयोग गर्न सकिने उल्लेख गर्दै उद्योगी ढुङ्गानाले ठूलो आकारको सुपारीको एउटा पातबाट पाँच वटासम्म थाल बनाउन सकिने बताउनुभयो ।

मेचीनगर-४ बाहुनडाँगीका राजेन्द्र मिश्र सुपारीखेतीबाट धानखेतीको तुलनामा दशौँ गुणा बढी आम्दानी हुने बताउनुहुन्छ । अढाई बिगाहामा सुपारीखेती गर्नुभएको उहाँले सुपारीको फलबाट वार्षिक रु चार लाखभन्दा बढी आम्दानी भइरहेको बताउनुभयो । सुपारीको बिरुवा रोपेको ६ वर्षपछि दाना फल्न थाल्छ । तर फल फल्नुभन्दा अघि नै यसको बोटले पातमार्फत आम्दानी दिन सुरु गर्छ । सुपारी बगानभित्र तोरी, फिलुङ्गे, आलस, पान, मरिच, कागती, निम्बु, बेसार, अदुवा आदिको खेती सँगसँगै गर्न सकिन्छ ।

मेचीनगर-६ मा याम निरौलाले मल्टी प्रोडक्सन कम्पनी प्रालि स्थापना गरेर बाहुनडाँगी क्षेत्रका सुपारीको पात सङ्कलन गरेर थाल, बटुका, चम्चा आदि सामान उत्पादन गर्दै आउनुभएको छ । स्थानीय क्षेत्रमै आफ्ना सामान बिक्री हुने गरेको जनाउँदै उहाँले वातावरणीय स्वच्छताका लागि प्लास्टिकका थाल बटुका निषेध गरेर सुपारीका पातको सामान प्रयोग बढाउन स्थानीय तहका सरकारहरूको भूमिका हुनुपर्ने बताउनुभयो । यही माघमा विर्तामोडमा सञ्चालित अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सवमा विक्री कक्ष राख्दा मुलुक बाहिरका अवलोकनकर्ताले समेत सुपारीका पातको सामानबारे निकै चासो राखेको उहाँले जानकारी दिनुभयो । "बिक्री भएन भने घाटा व्यहोर्नुपर्ने हुन्छ भनेर उद्योगहरूले थोरै मात्रामा सामान उत्पादन गर्छन्," उहाँ भन्नुहुन्छ, "बजार प्रवर्द्धनमा सरकारले सघाइदिने हो भने झापामा सुपारीको पातबाट चल्ने उद्योगबाटै हजारौँले रोजगारी र जीविकोपार्जन गर्नसक्ने सम्भावना छ ।"

मेचीनगर, बुद्धशान्ति र अर्जुनधारामा सुपारीको पातबाट उत्पादन हुने दुना-टपरी उद्योग सञ्चालनमा रहेकाले उद्योगले किसानको घरमा पुगेर सुपारीको पात किनेर लैजाने गरेको सुपारी जोनका पूर्वअध्यक्ष नीलकण्ठ तिवारीले बताउनुभयो । जङ्गली हात्तीको उपद्रो बढी भएको बाहुनडाँगी क्षेत्रका किसानले हात्तीले नखाने बालीका रूपमा सुपारीखेती गर्दै आएको उहाँ बताउनुहुन्छ । "सुपारीखेती र यसको पातबाट बनेका सामानको बजारीकणमा सरकारले सघाउनुपर्छ," तिवारी भन्नुहुन्छ, "तेस्रो मुलुकबाट आयातित सुपारीका कारण स्थानीय उत्पादनले बजार नपाइरहेको अवस्था छ । सुपारीको खेती गर्ने किसान, दाना प्रशोधन गर्ने र पातबाट सामान बनाउने उद्योगीहरूलाई प्रोत्साहित गर्नसके मुलुककै अर्थतन्त्रमा ठूलो टेवा पुग्ने निश्चित छ ।"

सुपारीको पातबाट बनेका सामानको विश्व बजारमा भारतीयले ९० प्रतिशत प्रभुत्व जमाएको र सुपारीको पातबाट बनेका सामान निर्यात हुँदा भारतको सरकारले त्यहाँका उद्योगीलाई नौ प्रतिशत प्रोत्साहन अनुदान प्रदान गर्दै आएको लिफ प्लस प्रालिका सञ्चालक बानियाँले बताउनुभयो ।

सुपारीको पातबाट बनेका सामान विदेश निर्यात गर्ने मुलुककै पहिलो उद्योग भए तापनि राज्यबाट प्रोत्साहन नपाएको उहाँको गुनासो छ । उत्पादित सामान मानव उपभोगयोग्य रहेको भनेर भारतीय प्रयोगशालामा प्रमाणीकरण गर्नुपर्ने बाध्यता रहेको बानियाँले बताउनुभयो । "स्वदेश र विदेशको बजारमा माग भए जति आपूर्ति गर्न सकिरहेका छैनौँ," उहाँले भन्नुभयो, "बजारको कुनै चिन्ता छैन । बरु, वातावरणमैत्री सामान उत्पादन गरेर विदेश निर्यात गरिरहँदा राज्यबाट कुनै प्रोत्साहन पाएका छैनौँ भन्नु पर्दा दुःख लाग्छ ।" रासस

# ‘माओवादी केन्द्रलाई सरकारमा जाने हतार छैन’



पोखरा। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सचिव एवं गण्डकी प्रदेश इन्चार्ज दीननाथ शर्माले आफ्नो पार्टीलाई सरकारमा जाने हतार नरहेको बताउनुभएको छ।

माओवादी केन्द्र बागलुङ-पोखरा सम्पर्क समन्वय समिति मंगलवार पोखरामा आज आयोजित प्रथम अधिवेशन उद्घाटन गर्दै उहाँले पार्टीले सरकारमा नजाने र पुनः एक पटक जनतामा फर्किने सङ्कल्प गरेको बताउनुभयो।

“माओवादीको प्राथमिकता अहिले सरकार होइन, हामी जनतामा फर्किएका छौँ, पार्टी पुनःनिर्माण गरेर जनताको विश्वास जितेर मात्र सरकारमा जान्छौँ।” सचिव शर्माले भन्नुभयो। पार्टीको गत पुसमा सम्पन्न केन्द्रीय समितिको बैठकले पार्टीभित्र मजुबुत एकता कायम गरेर अभियानमा लाग्ने निर्णय गरेको भन्दै उहाँले आगामी चुनावमा श्रेष्ठता कायम गर्ने गरी अगाडि बढ्न आग्रह गर्नुभयो।

नेता शर्माले पार्टीले हरेक नेता कार्यकर्तालाई जनतासँग जोड्ने कार्यक्रमका लागि सबै केन्द्रीय सदस्यलाई पालिकामा र प्रदेश सदस्यलाई वडामा जिम्मेवारी दिएर पठाउने योजना बनाएको समेत जानकारी दिनुभयो।

पार्टीका गण्डकी प्रदेश अध्यक्ष गायत्री गुरुङ, केन्द्रीय सदस्य कृष्ण केसी, बागलुङका इन्चार्ज चन्द्रबहादुर बुढा, कास्कीका इन्चार्ज नेत्रनाथ अधिकारी, माओवादी बागलुङ संयोजक राजीव घिमिरेलगायत सम्बोधन गर्नुभएको थियो। समितिको प्रथम अधिवेशनले कुलचन्द्र शर्माको अध्यक्षतामा ४१ सदस्यीय समिति निर्वाचित गरेको छ।रासस

# रुग्ण उद्योग पुनः सञ्चालनका लागि ठोस प्रस्ताव ल्याउन निजी क्षेत्रलाई प्रधानमन्त्रीको आग्रह

**प्रधानमन्त्रीले ऐनकानुन सम्बन्धित क्षेत्रको सहजीकरण र आवश्यकताका लागि निर्माण र संशोधन गरिने जनाउँदै आर्थिक समृद्धिका लागि सरकार निजी क्षेत्रलाई सहयोग गर्न तत्पर रहेको बताउनुभयो।**



काठमाण्डु। प्रधानमन्त्री केपी शर्मा ओलीले रुग्ण उद्योगहरु साझेदारीको ढाँचामा पुनः सञ्चालन गर्ने ठोस प्रस्ताव ल्याउन निजी क्षेत्रलाई आग्रह गर्नुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार सम्पन्न उद्योग-वाणिज्य प्रवर्द्धन संवाद परिषद्को बैठकमा उहाँले सरकार निजी क्षेत्रको साझेदारीको ढाँचामा जान सरकार तयार रहेकाले पुनः सञ्चालनका लागि ठोस प्रस्ताव भएमा यथाशीघ्र ल्याउन आग्रह गर्नुभएको हो।

प्रधानमन्त्रीले ऐनकानुन सम्बन्धित क्षेत्रको सहजीकरण र आवश्यकताका लागि निर्माण र संशोधन गरिने जनाउँदै आर्थिक समृद्धिका लागि सरकार निजी क्षेत्रलाई सहयोग गर्न तत्पर रहेको बताउनुभयो।

उहाँले भन्सार र राजस्वमा अनियमिता भएको पाइएका निर्ममताका साथ कारबाही गर्न सम्बन्धित निकायलाई निर्देशन दिएको बताउँदै पूँजी भएर मात्र विकास नहुने भएकाले सम्पत्ति आर्जनका लागि देशको विकास गर्नुपर्ने सोचका साथ लाग्नुपर्नेमा जोड दिनुभयो।

परिषद्का सदस्यहरुले सार्वजनिक-निजी साझेदारीमा सहलगानी तथा सहकार्य, सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोग वृद्धि, व्यापार घाटा कम गर्ने, अध्यादेशहरुको कार्यान्वयन, निर्माण व्यवसाय र आयोजना शीघ्र सम्पन्न गर्ने विषयमा सुझाव दिएका थिए।

सार्वजनिक-निजी क्षेत्रबीच नियमित संवाद गरी आर्थिक विकासमा सहयोग पुऱ्याउन २०७५ असोज ५ गतेको मन्त्रिपरिषद्को निर्णयबमोजिम गठन आदेशबाट जारी भएको परिषद् सदस्यमा नेपाल उद्योग वाणिज्य महासङ्घलगायत राष्ट्रिय संस्था र व्यावसायिक प्रतिनिधिलाई प्रधानमन्त्रीले मनोनयन गर्ने व्यवस्था छ। सोहीअनुसार परिषद्ले पूर्णता पाएपछि परिषद्को बैठक भएको हो।

बैठकमा सरकारका तर्फबाट भएका आर्थिक एवं प्रशासनिक सुधारका प्रयासहरु, अध्यादेशमार्फत २९ कानुनमा गरिएको संशोधन र त्यसका सकारात्मक प्रभावहरु, विकास निर्माणमा प्रगतिहरु, स्टार्ट अप र व्यापार सहजीकरणका लागि गरिएका पहलबारे अवगत गराइएको थियो। बैठकले उत्पादन, पूर्वाधार, निर्यात र शासकीय तथा प्रशासनिक गरी विभिन्न क्षेत्रमा परिषद्अन्तर्गतका समिति गठन गर्ने निर्णयगरेको छ। ती समितिले क्षेत्रगत समस्या र समाधानका विषयमा छलफल गरी परिषद्लाई सुझाव दिनेछन्।

बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री बद्रीप्रसाद पाण्डे, उद्योगमन्त्री दामोदर भण्डारी, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारी, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, आर्थिक विकास सल्लाहकार डा युवराज खतिवडा, मुख्यसचिव एकनारायण अर्याललगायत सहभागी हुनुहुन्थ्यो।

# प्रतिनिधिसभाको बैठकमा प्रतिपक्षीको विरोध



काठमाण्डु। प्रतिनिधिसभाको बैठकलाई विधि र प्रक्रियाअनुसार चलाउनुपर्ने माग राख्दै प्रतिपक्षी दलका सांसदहरूले विरोध जनाउनुभएको छ।

प्रतिनिधिसभाको मंगलवारको बैठकमा आकस्मिक समय र शून्य समयको प्रक्रिया पूरा भइसकेपछि सभामुखको आसनमा रहनुभएका उपसभामुख इन्दिरा राना मगरले नेपाली कांग्रेसका सांसद रामहरि खतिवडालाई बोल्न समय दिनुभयो।

सांसद खतिवडाले अदालत परिसरमा कानुन व्यवसायी कुटिएकोलगायतका विषयमा आफ्नो धारणा राख्नुभयो। सांसद खतिवडाले आफ्नो मन्तव्य राखेलगत्तै राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद गणेश पराजुलीले नियमापत्ती जनाउनुभयो।

उहाँले सत्तापक्षीय सांसदलाई कुन नियममा रहेर आकस्मिक र शून्य समय सकिएपछि बोल्न दिइयो भन्दै प्रश्न गर्नुभयो। सभामुखको आसनमा रहनुभएका उपसभामुखले सांसद खतिवडाले आकस्मिक समयमा नै नाम टिपाउनु भएको भए पनि छुटेका कारणले बोल्न दिइएको बताउनुभयो।

नेकपा (माओवादी केन्द्र)लगायतका विपक्षी दलका सांसदले कुन विधि र प्रक्रियाका आधारमा सत्तापक्षीय सांसदलाई पटक पटक बोल्न दिइएको हो भन्दै प्रश्न उठाएपछि उपसभामुख रानाले यसमा के भएको हो अध्ययन गर्न सचिवालयलाई निर्देशन दिइसकिएको बताउनुभयो। तर पनि विपक्षी दलका सांसदहरूले चित्त बुझाउनुभएन।

प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले बैठकलाई विधि र प्रक्रियाअनुसार चलाउनुपर्ने बताउनुभयो। विपक्षी दलको लगातारको विरोधपछि सभामुख देवराज घिमिरेले प्रतिनिधिसभाकोबैठक१५मिनेटका लागि स्थगित भएको जानकारी गराउनुभयो। रासस

# मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गरिनुपर्ने माग



काठमाण्डु। प्रतिनिधिसभाको मंगलवारको बैठकमा शून्य समयमा बोल्नुहुने सांसदहरूले जङ्गली जनावरको आक्रमण, सडक दुर्घटना, आगलागी, भष्ट्राचारलगायतका घटना बढिरहेकोप्रति सरकारको ध्यानाकर्षण गर्नुभएको छ।

प्रतिपक्षी दल राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरूले सरकारमा रहेका मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गर्न पनि माग गर्नुभयो। आजको बैठकमा बोल्नुहुँदै सांसद अच्युतप्रसाद मैनालीले विद्यमान वन ऐनले जङ्गली जनावरको आक्रमणबाट पीडित हुनेलाई सरकारले राहत र क्षतिपूर्ति दिनुपर्ने स्पष्ट व्यवस्था नरहेकाले सोसम्बन्धी व्यवस्था गरिनुपर्ने बताउनुभयो।

सांसद अन्जनी श्रेष्ठले जङ्गली जनावरको आक्रमण बढेको विषय संसद्मा उठाउनुभयो। सांसद टेकबहादुर गुरुङले सुक्खायाममा वनमा डढेलोको जोखिम बढी हुने भएकाले त्यसको न्यूनीकरण र आगलागी नियन्त्रणमा तदारुकता देखाउनुपर्नेमा जोड दिनुभयो।

सांसद अनिशा नेपालीले आन्दोलनरत स्वर्गद्वारी गुठीका मोही किसानको जायज माग सम्बोधन गर्न संसद् मार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद अस्माकुमारी चौधरीले पनि स्वर्गद्वारी गुठी पीडित किसान काठमाडौँ र जिल्लामा समेत आन्दोलन गरिरहेकाले उनीहरूका माग सुनुवाइ हुनुपर्ने धारणा राख्नुभयो।

सांसद अम्बिका बस्नेतले काठमाडौँ उपत्यकामा बालबालिका हराउने र अपहरणमा पर्ने घटना सार्वजनिक हुन थालेकोप्रति चिन्ता व्यक्त गर्नुभयो। सांसद अम्मरबहादुर थापाले सरकारले पुँजीगत बजेट खर्च बढाउनुपर्नेमा जोड दिनुभयो। बजेट विनियोजनमा कुशलता नहुँदा खर्च गर्न सक्ने ठाउँमा बजेट नहुने तर खर्च गर्न नसक्ने ठाउँमा बजेट दिने प्रवृत्तिको अन्त्य गरिनुपर्ने उहाँले बताउनुभयो। जाजरकोट भूकम्प पीडितलाई राहत तथा क्षतिपूर्ति रकम तत्काल उपलब्ध गराउन पनि उहाँले माग गर्नुभयो।

सांसद अमृतादेवी अग्रहरीले विपक्षी दलहरूले सरकारले गरेका राम्रा कामको पनि विरोध गर्ने गरेको आरोप लगाउनुभयो। अर्का सांसद अशोककुमार चौधरीले मुलुकलाई कम्लरी मुक्त घोषणा गरिए पनि अझै यो कुप्रथालाई राज्य तहबाटै संरक्षण भइरहेको आरोप लगाउनुभयो।

सांसद असिम शाहले विद्यमान सरकार बनेको लामो समय भइसक्दा पनि मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गरिनुपर्ने बताउनुभयो। भ्रष्टाचारका विभिन्न काण्डको छानबिन गर्न शक्तिशाली आयोग गठनको माग उहाँले राख्नुभयो।

सांसद ईश्वरी घर्तीमगरले पाठेघर र स्तन क्यान्सरको परीक्षणलाई निःशुल्क गरिनुपर्ने माग गर्नुभयो। सांसद ईश्वरीदेवी न्यौपानेले कैलाली जिल्लाका विभिन्न क्षेत्रमा डुबानको समस्या रहेकाले कर्णालीलगायत नदीमा तटबन्धको व्यवस्था गर्न सरकारसँग आग्रह गर्नुभयो। सांसद उर्मिला माझीले शिक्षा र स्वास्थ्य क्षेत्रलाई मौलिक हकका रूपमा राखिएको भए पनि यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको बताउनुभयो। वीर अस्पतालको आकस्मिक कक्षमा बिरामीको चाप बढेको विषय उहाँले उठाउनुभयो।

सांसद ऋषिकेश पोखरेलले हिउँदेबालीका लागि मल, बीउ र सिँचाइको अभाव भइरहेको विषयमा सरकारको ध्यानाकर्षण गर्नुभयो। मल आयातमा सरकारको एकाधिकार तोडेर निजी क्षेत्रलाई आयात गर्न दिनुपर्ने धारणा उहाँले राख्नुभयो।

सांसद एकनाथ ढकालले आगामी जेठमा आयोजना हुन लागेको सगरमाथा संवादलाई नेपालले जलवायु न्यायको मुद्दा स्थापित गर्नमा प्रयोग गर्न सक्नुपर्ने बताउनुभयो। सांसद

> **बजेट विनियोजनमा कुशलता नहुँदा खर्च गर्न सक्ने ठाउँमा बजेट नहुने तर खर्च गर्न नसक्ने ठाउँमा बजेट दिने प्रवृतिको अन्त्य गरिनुपर्ने उहाँले बताउनुभयो।**

कान्तिका सेजुवालले नेपालगञ्ज भन्सार कार्यालयको जाँचपास मेसिन बिग्रेको लामो समय भइसक्दा पनि मर्मतसम्भार हुन नसकेको विषय संसद्मा उठाउनुभयो।

सांसद कालुराम राईले गर्मीयाममा सर्पदंशका घटना बढ्ने गरेको तर सर्पदंशको उपचारका लागि पर्याप्त अस्पताल नरहेको विषय उठाउनुभयो। सांसद गणेश पराजुलीले गैरआवासीय नेपालीलाई नागरिकता दिएको विषयमा उनीहरूलाई नेपालमा लगानी गर्नका लागि वातावरण बनाएर त्यसको अधिकतम लाभ लिनसक्नुपर्ने बताउनुभयो।रासस

स ां स द गोकुलप्रसाद बाँस्कोटाले बनेपा-धुलिखेल सडक निर्माणमा ढिलाइ भएकोप्रति संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

अर्का सांसद गङ्गा कार्कीले सडक दुर्घटना बढेको उल्लेख गर्नुहुँदै यसका कारण पहिचान गरी निराकरणका लागि पहल गर्न सरकारसँग आग्रह गर्नुभयो। सांसद चन्द्रकान्त भण्डारीले पनि सडक दुर्घटना न्यूनीकरणका लागि सरकार र मातहतका निकायबाट आवश्यक पहल हुनुपर्नेमा जोड दिनुभयो। सांसद डा चन्दा कार्की भण्डारीले विभिन्न सडक निर्माणमा ढिलाइ भएको विषय उठाउनुभयो। सांसद चित्रबहादुर केसीले इजरायल र हमासको युद्धमा हराइरहेका कञ्चनपुरका विपिन जोशीको खोजी गर्न सरकारले गरिरहेको कामबारे संसद्लाई जानकारी गराउन माग राख्नुभयो।

सांसद छिरिङल्हामु लामा (तामाङ) ले केही समयअघि काठमाडौँको ठमेलमा प्रहरीमाथि भएको आक्रमणको गम्भीर छानबिनको माग गर्नुभयो। सांसद जावेदा खातुन जागाले मुस्लिम समुदाय राज्यबाट उपेक्षित पारिएको बताउनुभयो। शिक्षा मन्त्रालयले छात्रवृत्ति कार्यक्रममा मुस्लिमलाई विभेद गरेको उहाँको भनाइ छ।

सांसद जुलीकुमारी महतो (महासेठ) रूख कटान, जग्गा अधिग्रहण, निर्माण सामग्री व्यवस्थापनलगायतमा ढिलाइ हुँदा विकास निर्माण प्रभावित भएको बताउनुभयो।रासस

# उद्योगी, व्यवसायीले असुरक्षाको अनुभूति गर्नुपर्दैनः गृहमन्त्री लेखक

कमलामाई (सिन्धुली)। गृहमन्त्री रमेश लेखकले कुनै पनि उद्योगी, व्यवसायीले डर, त्रास र असुरक्षाको अनुभुति गर्नु नपर्ने बताउनुभएको छ। उहाँले सरकारले उद्यमी, व्यवसायीको सुरक्षाको नीति लिएको बताउनुभयो।

सिन्धुली उद्योग वाणिज्य सङ्घको ३४औँ वार्षिक साधारणसभा एवं १५औँ जिल्ला अधिवेशनको मंगलवार उद्घाटन गर्दै उहाँले निर्वाध रूपमा आफ्नो व्यवसाय सञ्चालन गर्न आग्रह गर्नुभयो। “व्यवसायीले शान्तिपूर्ण वातावरणमा व्यवसाय गर्न पाउनुपर्छ। तपाईहरूमाथि कुनै पनि अवाञ्छित दबाब सिर्जना भएमा स्थानीय प्रशासन, गृह मन्त्रालयलाई जानकारी गराउनुस्, हामी निर्वाध रूपमा व्यवसाय सञ्चालन गर्ने अवस्थाका लागि प्रतिबद्ध छौँ”, गृहमन्त्री लेखकले भन्नुभयो।

नेपालको वर्तमान आयात, निर्यात संरचनालाई हेर्दा उच्च व्यापार घाटामा रहेको देखिएकाले स्वदेशी उत्पादन प्रवर्द्धन गर्दै आयात प्रतिस्थापन गर्ने नीति अवलम्बन गर्न आवश्यक रहेको उहाँको भनाइ थियो। “देशभित्र स्थापित उद्योगलाई महत्व दिँदै निर्यात गरेर व्यापार घाटा घटाउनु आजको आवश्यकता हो, यसका लागि उद्योगी, व्यवसायीको भूमिका महत्वपूर्ण छ”, लेखकले भन्नुभयो,“ “व्यापार, वाणिज्य, उद्योग, व्यवसायको कुरा निजी क्षेत्रले सञ्चालन गर्छ, सरकारले त्यसमा सहजीकरण र सहयोगको भूमिका मात्रै निर्वाह गर्छ। त्यसमा हामी सधैँ गम्भीर छौँ।”

उत्पादन तथा बजार प्रवर्द्धनका लागि स्थानीय उत्पादनको उचित मूल्य, प्रशोधन उद्योग स्थापना तथा आधुनिक प्रविधिको विकास, जुनारजस्ता कृषिजन्य उत्पादनको दीर्घकालीन भण्डारण तथा निर्यात बढाउने, कोल्डस्टोर स्थापना गर्ने र अन्तरराष्ट्रिय बजारसम्म पुऱ्याउन सरकारको सधैँ सहयोग रहने पनि उहाँले स्पष्ट उल्लेख गर्नुभयो।

गृहमन्त्री लेखकले व्यापारिक वातावरण सुनिश्चित गर्न कानुनसमेत संशोधन गरिएको बताउँदै सिन्धुलीको जुनारलगायत स्थानीय उत्पादनलाई राष्ट्रिय अन्तरराष्ट्रिय बजारमा पुऱ्याउन स्थानीय व्यवसायीलाई आग्रह गर्नुभयो।

यसैगरी उहाँले बाढीपहिरोका कारण भत्किएको बिपी राजमार्गको पुनःनिर्माण कार्य चाँडै प्रारम्भ गरिने र तत्काल गर्नुपर्ने कामसमेत गम्भीरताका साथ अगाडि बढाइएको जानकारी दिनुभयो।

आयोजक संस्थाका अध्यक्ष अर्जुनकुमार श्रेष्ठले यहाँका व्यवसायीले भोग्नुपरेका समस्या र तिनको समाधानका लागि ध्यानाकर्षण गराउनुभएको थियो। उद्घाटन कार्यक्रम सम्पन्न भएसँगै नयाँ नेतृत्व चयनलगायत अन्य प्रक्रिया अगाडि बढ्ने उहाँले बताउनुभयो।


**मधेश प्रदेश सरकार**

**शिक्षा तथा संस्कृति मन्त्रालय**

**जनकपुरधाम, धनुषा**

**नेपाल**

**सूचना ! सूचना !! सूचना !!!**

**प्रथम पटक प्रकाशित मिति २०८१।१०।२९ गते**

प्रचलित कानुन बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि शैक्षिक संस्था (सार्वजनिक विद्यालय, नीजि विद्यालय, धार्मिक विद्यालय तथा सामुदायिक सिकाइ केन्द्र) सञ्चालन गर्न नहुने व्यवस्था रहेको छ। मधेश प्रदेश भित्र पछिल्लो समयमा अनुमति नलिइ शैक्षिक संस्था सञ्चालनमा रहेको भन्ने जानकारी प्राप्त भएकोले यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। त्यसकारण शैक्षिक संस्थाका संस्थापकहरुले कानुन बमोजिमका सम्बन्धित निकायबाट रित/प्रक्रिया पुऱ्याई अनुमति लिनु हुन सूचित गरिन्छ र नियमनको प्रक्रिया भित्र नआएमा प्रचलित कानुन बमोजिम कारबाही हुने व्यहोरा जानकारी गराइन्छ। साथै बिना अनुमति सञ्चालित शैक्षिक संस्थामा आफ्ना बालबालिकाहरुलाई भर्ना नगर्न/नगराउन हुन अभिभावकहरुलाई समेत यसै सूचना मार्फत सचेत गराइन्छ।

**नि.प्रदेश सचिव**



**श्री माध्यमिक (०-१२) विद्यालय भरतपुर**

**गणेशमान चारनाथ न.पा.-३, भरतपुर, धनुषा**

**जग्गा खरिदका लागि बोलपत्र आव्हान सम्बन्धी सार्वजनिक सूचना**

**सूचना नं. १**

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८१/१०/२९**

यस श्री माध्यमिक (१०+२) विद्यालय भरतपुर, गणेशमान चारनाथ-३, भरतपुर, धनुषाको लागि विद्यालयको नियमित आम्दानी वृद्धि प्रायोजनका लागि उल्लेख भए अनुसारको तोकिएको क्षेत्र/इलाका भित्र जग्गा खरिद गर्न आवश्यक भएकोले जग्गा बिक्री गर्न इच्छुक जग्गाधनी/व्यक्तिबाट यो सिलबन्दी बोलपत्र विद्यालयबाट तयार गरिएको दररेट कबोल फाराममा सूचना प्रकाशन भएको मितिले ३५ दिन (मिति २०८१/१२/०४ गते) भित्र तपसिलमा उल्लेखित कागजातहरु सहित कार्यालय समयमा सिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**क) जग्गाको विशेषता सहितको विवरण क्षेत्र र क्षेत्रफल :**

| जग्गाको विशेषता सहितको विवरण क्षेत्र | क्षेत्रफल |
| --- | --- |
| धनुषा जिल्लाको गणेशमान चारनाथ न.पा. अन्तर्गतका २ देखि २.५ बिघा जमिनमा फलफुलका बोटविरुवा तथा अन्य बोटविरुवाहरु भएको समतल चौहदी मिलेको जग्ग प्रस्ताव पेश गर्नु पर्नेछ। | २ देखि २.५ बिघा |

**ख) शर्त तथा बन्देजहरू :**

१. कम्तीमा २ देखि २.५ बिघा नम्बरी जग्गा र मोही नभएको हुनुपर्ने।
२. प्रति कठ्ठा २,००,०००।- भन्दा कम मुल्य हुनुपर्ने।
३. हाइस्टेन्शन लाइनले नछोएको जग्गा हुनुपर्ने।
४. जग्गाधनी पुर्जा र नागुरिकताको प्रतिलिपी पेश गर्नुपर्ने।
५. जग्गा मुलय दर रेट खुलेको निवेदन गोप्य सिलबन्दीमा पेश गर्नु पर्ने।
६. जग्गा गणेशमान चारनाथ न.पा. भित्र हुनुपर्ने।
७. एकभन्दा बढी कित्ताहरु भएमा एकअर्को कित्तासंग टाँसिएको जग्गा हुनुपर्ने।
८. निवेदन दस्तुर रु. १०००।- श्री मा.वि. भरतपुरको नेपाल बैंक लि. सिटी अफिस जनकपुरमा रहेको च.हि.नं. ००८००१००४६४३४०००००१ मा जम्मा गरेको सक्कल भौचर वा अनलाइन भुक्तानी गरेको भौचर पेश गर्नुपर्ने।
९. आवेदन फाराम विद्यालयबाट प्राप्त गर्न सकिनेछ साथै विद्यालयको वेबसाइट www.mavibharatpur.edu.np बाट पनि डाउनलोड गरेर प्रयोग गर्न सकिने छ।
१०. गोप्य सिलबन्दीको आधारमा छनौट गरिएको जग्गालाई खरिद समितिले नक्शाको आधारमा फिल्ड अवलोकन गरी मालपोत कार्यालयसंग जानकारी लिएर जग्गा खरिद गर्ने वा नगर्ने सम्पूर्ण अधिकार छनौट समितिमा रहनेछ।
११. गोप्य सिलबन्दी खोलिने मिति, समय र स्थान : २०८१/१२/०५ गते मंगलबार दिनको १:०० बजे श्री मा.वि.भरतपुर, धनुषा।

**प्रधानाध्यापक**

# युक्रेन 'कुनै दिन रुसी हुनसक्छ'- ट्रम्पको चेतावनी

**एएफपी**

किएभ ।अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना उपराष्ट्रपति जेडी भान्स यस हप्ताको अन्त्यमा युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीसँग भेट्ने तयारीमा रहेका बेला युक्रेन 'कुनै दिन रुसी हुनसक्छ' भन्ने विचार व्यक्त गर्नुभएको छ ।

रुससँगको करिब तीन वर्ष लामो युद्धको अन्त्यका लागि दबाब दिँदै ट्रम्पले सोमबार प्रसारण गरिएको प्रसारणकर्ता फक्स न्युजसँगको अन्तर्वार्तामा द्वन्द्वका बारेमा छलफल गर्नुभयो ।

"उनीहरूले सम्झौता गर्न सक्छन्, उनीहरूले सम्झौता नगर्न पनि सक्छन् । उनीहरू कुनै दिन रुसी हुन सक्छन् वा नहुन पनि सक्छन्", उहाँले भन्नुभयो ।

किएभको प्राकृतिक स्रोतहरू जस्ता दुर्लभ खनिजहरूका लागि व्यापारको सुझाव दिँदै उहाँले युक्रेनलाई दिइएको अमेरिकी सहयोगमा लगानी फिर्ताको कुरामा जोड दिनुभयो ।

"हामीसँग यो सबै पैसा त्यहाँ हुनेछ र म भन्छु कि मलाई यो फिर्ता चाहिन्छ, र मैले उनीहरूलाई मलाई पाँच खर्ब डलर मूल्यको दुर्लभ खनिजको बराबर चाहिन्छ भनेँ", ट्रम्पले भन्नुभयो "र उनीहरूले अनिवार्य रूपमा त्यसो गर्न सहमति जनाएका छन्, त्यसैले कम्तीमा हामीले मूर्ख भएको महसुस गर्दैनौँ ।"

ट्रम्पले सोमबार पनि चाँडै युक्रेनमा आफ्ना विशेष दूत किथ केलोगलाई पठाउने पुष्टि गर्नुभयो । केलोगलाई लडाइँ रोक्नका लागि प्रस्ताव तयार गर्ने काम दिइएको छ ।

ट्रम्पले द्वन्द्वको छिटो अन्त्यका लागि दबाब दिइरहनुभएको छ भने जेलेन्स्कीले रुससँगको कुनै पनि सम्झौताको हिस्साका रूपमा वासिङ्टनबाट कडा सुरक्षा ग्यारेन्टीको माग गरिरहनुभएको छ ।

नाटो सदस्यता वा शान्तिरक्षा सेनाको तैनाती जस्ता कडा सैन्य प्रतिबद्धताहरू समावेश नगर्ने कुनै पनि सम्झौताले क्रेमलिनलाई पुनः समूहबद्ध हुन र नयाँ आक्रमणका लागि पुनः हतियार बनाउन अनुमति दिनेछ भन्ने डर किएभलाई छ ।

जेलेन्स्कीका प्रवक्ता सेर्गी निकिफोरोभले युक्रेनी राष्ट्रपतिले यस शुक्रबार म्युनिख सुरक्षा सम्मेलनको 'साइडलाइन' मा भान्ससँग भेट्ने बताउनुभयो ।

जेलेन्स्कीको कार्यालयका एक स्रोतका अनुसार केलोग फेब्रुअरी २० मा युक्रेन आइपुग्नुहुनेछ तर देशको कुन भागमा उहाँले भ्रमण गर्नुहुनेछ भन्ने विवरण दिइएको छैन । उहाँको भ्रमण फेब्रुअरी २४ मा रुसी आक्रमणको तीन वर्षे वार्षिकीको केही दिनअघि हुनेछ ।

जेलेन्स्कीले सोमबार युक्रेनका लागि 'वास्तविक शान्ति र प्रभावकारी सुरक्षा ग्यारेन्टी' को आह्वान गर्नुभयो ।

"जनताको सुरक्षा, हाम्रो राज्यको सुरक्षा, आर्थिक सम्बन्धको सुरक्षा र निस्सन्देह, हाम्रो स्रोतको दिगोपन : युक्रेनका लागि मात्र होइन, सम्पूर्ण स्वतन्त्र विश्वका लागि", जेलेन्स्कीले सामाजिक सञ्जालमा प्रकाशित एक भिडियो सम्बोधनमा भन्नुभयो, "यी सबैबारे अहिले निर्णय भइरहेको छ ।"

**ट्रम्पका बैठकहरू**

ट्रम्पले युद्धको अन्त्य गराउन चाहेको बताउनुभएको छ तर दुई पक्षलाई वार्ताको टेबलमा ल्याउन विस्तृत प्रस्ताव प्रस्तुत गर्नुभएको छैन ।जेलेन्स्की र रुसी राष्ट्रपति भ्लादिमिर पुटिन दुवैले पहिले नै एक अर्कासँग प्रत्यक्ष वार्ता गर्न अस्वीकार गरिसक्नुभएको छ र दुई पक्षबीच सम्झौता हुनसक्ने कुनै आधार देखिँदैन ।

पुटिनले युक्रेनलाई किएभको अझै पनि नियन्त्रणमा रहेको रुसको दक्षिण र पूर्वी भागहरूबाट फिर्ता लिन माग गर्नुभएको छ र युक्रेन र नाटोबीचको घनिष्ठ सम्बन्धलाई अस्वीकार्य ठान्नुहुन्छ ।

यसैबीच जेलेन्स्कीले मस्कोलाई कुनै पनि क्षेत्रीय सहुलियत दिन अस्वीकार गर्नुभएको छ । यद्यपि उहाँले केही क्षेत्र फिर्ता गर्न कूटनीतिक माध्यममा भर पर्नुपर्ने हुनसक्ने स्वीकार गर्नुभएको छ ।

रुसले युक्रेनका पाँच क्षेत्रहरू - सन् २०१४ मा क्रिमिया र त्यसपछि २०२२ मा डोनेट्स्क, खेरसन, लुगान्स्क र जापोरिझ्झिया - लाई आफूमा गाभेको बताएको छ । यद्यपि यी क्षेत्रहरूमाथि उसको पूर्ण नियन्त्रण छैन ।

जेलेन्स्कीले सोमबार ट्रम्पसँगको बैठकको व्यवस्था भइरहेको तर मिति अझै तय नभएको बताउनुभयो भने ट्रम्पले गत हप्ता आफूले आउँदो दिनमा जेलेन्स्कीसँग 'सम्भवतः' भेट्ने बताउनुभएको थियो तर व्यक्तिगत रूपमा किएभको भ्रमणलाई अस्वीकार गर्नुभयो ।

ट्रम्पले न्युयोर्क पोस्टलाई बताए अनुसार उहाँलेयुक्रेनमाद्वन्द्वकोअन्त्य गर्नेबारे छलफल गर्न पुटिनसँग फोनमा कुरा गर्नुभएको थियो र रुसी नेताले उहाँलाई उहाँ 'मानिसहरू मर्न रोकिएको हेर्न चाहनुहुन्छ' भन्नुभएको थियो ।

क्रेमलिनका प्रवक्ता दिमित्री पेसकोभले फोनवार्ताको पुष्टि वा अस्वीकार गर्न अस्वीकार गर्नुभयो ।म्युनिख सुरक्षा सम्मेलन (एमएससी) का आयोजकहरूले सोमबार जेलेन्स्कीले फेब्रुअरी १४-१६ शिखर सम्मेलनमा भाग लिने पुष्टि गरेका छन् ।

एमएससी अध्यक्ष क्रिस्टोफ ह्युसगेनले बर्लिनमा आयोजित पत्रकार सम्मेलनमा अमेरिकी प्रतिनिधिमण्डलमा अमेरिकी विदेशमन्त्री मार्को रुबियोका साथै केलोग र भान्स सामेल हुने जानकारी दिनुभयो । उहाँले रुसी सरकारका कुनै प्रतिनिधि उपस्थित नहुने बताउनुभयो ।

यो बैठक रुसले युक्रेनको पूर्वी डोनेट्स्क क्षेत्रमा अघि बढिरहेको बेला हुँदैछ । डोनेट्स्क क्षेत्रमा उसले गत वर्षमा केही बस्तीहरू कब्जा गरेको छ । प्रायः महिनौँको रूसी बमबारीले पूर्ण रूपमा ध्वस्त बनाएको छ ।

मस्कोले युक्रेनी ऊर्जा पूर्वाधारमाथि महिनौँ लामो बमबारी अभियान पनि चलाएको छ । आक्रमणहरूले किएभको सेनालाई सहयोग गर्ने सुविधाहरूलाई लक्षित गरेको दाबी गरेको छ ।

मङ्गलबार युक्रेनी ऊर्जामन्त्रीले ऊर्जा क्षेत्र 'आक्रमणकोनिशानामा रहिरहेको' र किएभले'सम्भावित परिणामहरूलाई न्यूनीकरण गर्न' 'तत्काल आपत्कालीन बिजुली आपूर्ति प्रतिबन्धहरू लागू गरिरहेको' बताउनुभयो ।



# दशौँ राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सुरु



मन्थली । रामेछापको मन्थलीमा मंथदजा।देखि जिल्लास्तरीय १२औँ राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सुरु भएको छ । तीन दिनसम्म सञ्चालन हुने प्रतियोगितामा जिल्लाका सात पालिकाबाट विद्यार्थी खेलाडी सहभागी भएका छन् ।

प्रतियोगितामा छात्रछात्रातर्फ भलिबल, एथलेटिक्स, मार्सलआर्ट, कबड्डीलगायत खेल खेलाइने जिल्ला खेलकुद विकास समितिका अध्यक्ष सिताराम कार्कीले जानकारी दिनुभयो । उहाँका अनुसार आज प्रतियोगितको उद्घाटन बागमती प्रदेशसभाका सांसद आनन्दकुमार श्रेष्ठले गर्नुभएको थियो ।

यसैगरि बेनीमा मंगलवारदेखि दशौँ जिल्लास्तरीय राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगिता सुरु भएको छ । जिल्ला खेलकुद विकास समितिको आयोजनामा आजदेखि बेनीको खुल्ला मञ्चमा प्रतियोगिता सुरु भएको हो ।

जिल्लामा रहेका स्थानीय तहहरूमा पालिकास्तरीय राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगिता सम्पन्न भएपछि जिल्लास्तरमा प्रतियोगिता आयोजना गरिएको हो । प्रतियोगितामा जिल्लामा रहेका छ स्थानीय तहबाट छनोट भएका छ सय खेलाडीको सहभागिता रहेको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष दिनेश केसीले जानकारी दिनुभयो । उहाँका अनुसार प्रतियोगितामा भलिबल, कबड्डी, एथलेटिक्स र मार्सलआर्टतर्फ ९० पदकमा खेलाडीहरूले प्रतिस्पर्धा गर्नेछन् ।

प्रतियोगिताको उद्घाटन गर्दै बेनी नगरपालिकाका प्रमुख सुरत केसीले प्रदेशस्तरमा हुने खेलका लागि खेलाडी छनोट गर्न र विद्यार्थीमा खेल क्षमता विकास गरी प्रतिस्पर्धा बनाउन प्रतियोगिता सहयोगी हुने विश्वास व्यक्त गर्नुभयो । प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालले विद्यालय तहमा पहिचान हुने प्रतियोगिताले विद्यार्थीको खेल क्षमता र प्रतिभालाई राष्ट्रियस्तरमा चिनाउन सघाउने बताउनुभयो । दुई दिनसम्म सञ्चालन हुने प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने स्थानीय तहलाई रनिङ सिल्ड, ट्रफी, पदक र प्रमाणपत्र प्रदान गरिने जिल्ला खेलकुद विकास समितिले जनाएको छ ।

जिल्लाबाट उत्कृष्ट भएका खेलाडीले आगामी फागुनको ५ र ६ गते गोरखामा हुने गण्डकी प्रदेशस्तरीय राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगितामा सहभागिता जनाउने समितिका कोषाध्यक्ष योगेन्द्रमान गौचनले जानकारी दिनुभयो । उहाँका अनुसार भलिबल तर्फबाट २०, कबड्डीबाट २०, मार्सलआर्टबाट ३६ र एथलेटिक्सबाट २४ खेलाडीहरू छनोट हुनेछन् ।रासस

## 'गल्फ अफ मेक्सिको' नाम 'गल्फ अफ अमेरिका' मा परिवर्तन

**एएफपी**

सान फ्रान्सिस्को । गुगलले सोमबार राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकारी आदेशको पालना गर्दै संयुक्त राज्य अमेरिकाभित्र यसको नक्सा प्लेटफर्म प्रयोग गर्नेहरूका लागि 'गल्फ अफ मेक्सिको' को नाम 'गल्फ अफ अमेरिका' मा परिवर्तन गरेको छ ।

संयुक्त राज्य अमेरिका बाहिरका प्रयोगकर्ताहरूले अन्य विवादित स्थानहरूको जस्तै 'गल्फ अफ मेक्सिको' को मौलिक र नयाँ दुवै नाम देख्नसक्ने गुगलले एक ब्लग पोस्टमा लेखेको छ ।

"अमेरिकामा नक्सा प्रयोग गर्ने मानिसहरूले 'गल्फ अफ अमेरिका' देख्नेछन् र मेक्सिकोका मानिसहरूले 'गल्फ अफ मेक्सिको' देख्नेछन् । अरू सबैले दुवै नाम देख्नेछन्", गुगलले लेखेको छ ।

गुगलले भौगोलिक नाम सूचना प्रणालीमार्फत आधिकारिक अमेरिकी सरकारी भौगोलिक पदनामहरूको पालना गर्ने आफ्नो नीतिसँग यो परिवर्तन मेल खाने बताएको छ ।

पद सम्हालेपछि ट्रम्पले 'गल्फ अफ मेक्सिको' को नाम परिवर्तन गर्ने मात्र नभई अमेरिकाको सबैभन्दा अग्लो शिखर डेनालीको नाम पूर्ववत् माउन्ट म्याकिन्ले गर्ने कार्यकारी आदेशहरूमा हस्ताक्षर गर्नुभएको थियो ।

सन् २०१५ मा तत्कालीन राष्ट्रपति बाराक ओबामाले अलास्का पर्वतलाई डेनालीको रूपमा आधिकारिक मान्यता दिनुभएको थियो । यो नाम अलास्काका आदिवासीहरूले शताब्दीयौँदेखि प्रयोग गर्दै आएका थिए ।

ट्रम्पको पुनःनामकरणले डेनाली नाम कायम राख्न लामो समयदेखि वकालत गर्दै आएका अलास्काका आदिवासी समूहहरूको आलोचना र मेक्सिकोसँग कूटनीतिक चिन्ता उब्जाएको छ ।

मेक्सिकोका राष्ट्रपति क्लाउडिया सेनबामले सन् १८४८ मा संयुक्त राज्य अमेरिकाले आफ्नो देशको एक तिहाइ भाग कब्जा गर्नुभन्दा पहिलेको नक्सातिर औँल्याउँदै संयुक्त राज्यलाई 'मेक्सिकन अमेरिका' भन्न सुझाव दिनुभएको छ ।

# तिब्बती रूखका घेराहरूले जलवायु तनाव र चिनियाँ वंशवादबीच सम्बन्ध देखाए : अध्ययन

**एएफपी**

बेइजिङ । जलवायु तनाव र सामाजिक अशान्तिबीचको ऐतिहासिक सम्बन्धलाई उजागर गर्दै हजारौँ वर्षको वर्षाको ढाँचा पछ्याउने एक अध्ययनले सुक्खा अवधिहरू चीनमा वंशवादी उथलपुथलको युगहरूसँग मिल्दोजुल्दो पाएको छ ।

एक अनुमान अनुसार गत वर्ष विश्वव्यापी र चीन दुवैमा सबैभन्दा तातो वर्ष रेकर्ड गरियो । चरम मौसमी घटनाहरूले विश्वभर विनाश मच्चाए र प्राकृतिक प्रकोपहरूले तीन खर्ब १० अरब डलरको आर्थिक क्षति पुऱ्याएको थियो ।

तिब्बती पठारमा किलियन जुनिपर रूखहरूको घेरा विश्लेषणको आधारमा यस महिना प्रकाशित अनुसन्धानले जलवायु तनावले कसरी समाज र शक्तिलाई हजारौँ वर्षअघि परिवर्तन गरेको थियो भन्ने बारे झलक प्रस्तुत गर्दछ।

"विश्वव्यापी जलवायु परिवर्तनबारे बढ्दो चिन्ताहरूलाई ध्यानमा राख्दा ऐतिहासिक र वर्तमान दुवै 'हाइड्रोक्लाइमेट' मा परिवर्तनहरू बुझ्न महत्त्वपूर्ण छ", अनुसन्धानकर्ताहरूले प्रतिष्ठित नेचर जर्नलमा प्रकाशित प्रतिवेदनमा लेखेका छन् ।

**"प्रत्येक राजवंशको प्रारम्भिक चरणहरूमा आर्द्र अवस्थाहरू समृद्धिको अवधिसँग सम्बन्धित थिए भने सुक्खातर्फको क्रमिक परिवर्तन लगातार तिनीहरूको गिरावट र अन्ततः पतनसँग मेल खान्थ्यो", प्रतिवेदनले भनेको छ ।**

रुखका घेराहरूमा भएका आइसोटोपहरू -- विशिष्ट गुणहरू भएका रासायनिक तत्वका रूपहरू -- को परिवर्तनलाई समय-समयमा वर्षाको विविधता बुझ्न प्रयोग गर्न सकिन्छ ।

यसले चिनियाँ एकेडेमी अफ साइन्सेजका धेरै अनुसन्धानकर्ताहरूलाई विगत तीन हजार चार सय ७६ वर्षको जलवायु रेकर्डको पुनर्निर्माण गर्न सक्षम बनायो ।

"हाम्रो जल-जलवायु पुनर्निर्माणले लामो आर्द्र अवधिपछि दीर्घकालीन वर्षा घट्ने तीन विशिष्ट चरणसहित धेरै चिनियाँ राजवंशको उदय र पतन सुक्खा अवस्थातर्फको महत्त्वपूर्ण परिवर्तनको समयसँग मेल खान्छ भन्ने सङ्केत गर्दछ", प्रतिवेदनमा भनिएको छ ।

ईसापूर्व ११० देखि ईस्वी २८० सम्म चलेको पहिलो सुक्खा चरणमा छोटो अवधिको जिन राजवंश स्थापना भयो र त्यसपछि द्रुत गतिमा पतन भयो । "ईस्वी १४ पछि जलवायु सुक्खा भएपछि अनिकाल र नरभक्षणका घटनाहरू बढे, जसले व्यापक विद्रोह निम्त्यायो र अन्ततः राजवंशको पतनमा परिणत भयो", प्रतिवेदनले भन्यो ।

प्रतिवेदनअनुसार यो सुक्खा अवधि तीन राज्य कालको युद्धहरूसँग मिल्दोजुल्दो थियो र यसले गर्दा सुक्खाका कारण निम्त्याएको व्यापक अनिकालसँगै चीनको जनसङ्ख्या छ करोडबाट घटेर तीन करोड हुन पुग्यो ।

दोस्रो चरण ईस्वी ३३० र ७७० बीचको थियो । यसमा तुयुहुन, सुई र ताङ राजवंशहरू पर्छन् । ईस्वी ९५० देखि १३०० सम्मको तेस्रो चरण सोङ राजवंश र यसको पतनसँग मेल खान्छ ।

"प्रत्येक राजवंशको प्रारम्भिक चरणहरूमा आर्द्र अवस्थाहरू समृद्धिको अवधिसँग सम्बन्धित थिए भने सुक्खातर्फको क्रमिक परिवर्तन लगातार तिनीहरूको गिरावट र अन्ततः पतनसँग मेल खान्थ्यो", प्रतिवेदनले भनेको छ ।

# भारात्तोलन र जुडोका खेलाडी छनोट



कैलाली । दशौँ राष्ट्रिय खेलकुदका लागि सुदूरपश्चिम प्रदेशको छनोट प्रतियोगितामा भारात्तोलन र जुडोका खेलाडी छनोट भएका छन् ।

सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्को आयोजनामा भइरहेको छनोट प्रतियोगितामा विभिन्न प्रतियोगिताअन्तर्गत जुडो र भारात्तोलनका खेलाडी छनोट गरिएका छन् । जुडोबाट दशौँ राष्ट्रिय खेलकुदका छनोट खेलमा सहभागी पुरुष र महिला खेलाडी प्रथम हुँदै छनोट भएका हुन् ।

जुडोमा पुरुषतर्फ ६० किलोमा कैलालीका चन्द्रबहादुर बोहोरा, ६६ किलोमा कैलालीका चेतेन्द्र बम, ७३ किलोमा कैलालीका हरि गोविन्द जोशी, ८१ किलोमा कैलालीका योगेन्द्र विष्ट, ९० किलोमा कञ्चनपुरका सुरेश गिरी, एक सय किलोमा कैलालीका रमेश चन्द र एक सयभन्दा बढी किलोमा कैलालीका चन्द्रप्रसाद चौधरी छनोट भएका परिषद्ले जनाएको छ ।

महिलातर्फ ४८ किलोमा कैलालीकी मीना सिंह, ५२ किलोमा कैलालीकी देवकी थापा, ५७ किलोमा कञ्चनपुरकी रञ्जना चौधरी र ७८ किलोमाथि कञ्चनपुरकी नेहा नेपाली छनोट भएका छन् ।

त्यस्तै भारात्तोलनतर्फ पुरुषमा ५५ किलोमा सिद्धार्थ चौधरी, ६१ किलोमा कञ्चनपुरका दिनेश घटाल, ६७ किलोमा कैलालीका सुदीप चौधरी, ७३ किलोमा कञ्चनपुरका अशोकसिंह भण्डारी, ८१ किलोमा कैलालीका नरेश चौधरी, ८९ किलोमा कञ्चनपुरका आरयन भण्डारी, ९६ किलोमा कञ्चनपुरकै प्रदीप भण्डारी, एक सय दुई किलोमा कञ्चनपुरका विजय जोशी, एक सय नौ किलोमाथि कञ्चनपुरका सुभास उपाध्याय रहेका छन् ।

महिलातर्फ ४५ किलोमा कैलालीकी सविना चौधरी, ५५ किलोमा कैलालीकी सुनिता चौधरी, ६४ किलोमा कैलालीकी अङ्किता चौधरी, ७६ किलोमा कञ्चनपुरकी चम्पा ठकुल्ला, ८१ किलोमा कैलालीकी सानम चौधरी १० औँ राष्ट्रियका लागि छनोट भएकी छिन् ।

दशौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा सुदूरपश्चिम प्रदेशबाट सात सय ७८ जना खेलाडीले सहभागिता जनाउने छन् भने चार सय ५० जना निर्णायक पनि सहभागी हुनेछन् ।

सुदूरपश्चिम प्रदेश सरकारले १० औँ राष्ट्रिय खेलकुदमा ६१ विधाका खेलमा सहभागिता जनाउने भएको छ । त्यसका लागि प्रदेश छनोट प्रतियोगितामा महिला र पुरूष गरी ३१ खेल भइरहेको सुदूरपश्चिम खेलकुद परिषद्का सदस्य सचिव दिपकबहादुर सिंहले जानकारी दिनुभयो । छनोट प्रतियोगिता फागुन २ गतेसम्म सञ्चालन हुनेछ । उहाँका अनुसार छनोट प्रतियोगिताका खेलहरू कैलाली र कञ्चनपुरमा हुनेछन् ।

कैलालीको धनगढीमा फुटबल, भलिबल, एथलेक्टिस, क्रिकेट, बास्केटबल, ब्याडमिन्टन, टेबल टेनिस, बुद्धिचाल, खो-खो, उसुलगायत खेलहरु भइरहेका छन् । त्यस्तै कञ्चनपुरको महेन्द्रनगरमा कबड्डी, कुस्तीलगायत खेल भइरहेका छन् । प्रदेश छनोट प्रतियोगितामा प्रथम मेडल तीन सय ३२, द्वितीय मेडल तीन सय २०, तृतीय मेडल चार सय ५६ रहेका सिंहले जानकारी दिनुभयो । रासस

# १० महिनामा १२५ किलो वजन कम

**बीबीसी**

कन्धार ।अफगानिस्तानको दक्षिण पूर्वी सहर जलालावादका कुद्रतुल्लाहले जब विद्यालयको पढाइ सके उनका धेरै साथीहरू विश्वविद्यालय जाने तयारी गर्दै थिए। तर उनी भने वजनका कारण कुर्सीमा बस्न नसक्ने भएकाले उनले त्यस्तो तयारी नै गरेनन्।

"मैले सोचिरहेँ, यो वजन लिएर विश्वविद्यालय म कसरी जान सक्छु। र यदि विश्वविद्यालय गएँ भने पनि त्यसले मलाई केही फाइदा हुने छैन," बीबीसीसँग उनले भने।

जीवनको यो बिन्दुमा कुद्रतुल्लाहको वजन २१६ किलोग्राम थियो। उनी १८० सेन्टिमिटर अग्ला भए पनि उनको कम्मर नै १४७ सेन्टिमिटर थियो।

उनको शरीरको वजन, उचाइ र उमेरको मापनबाट निकालिने बडी मास इन्डेक्स बीएमआई त ६७ थियो। उक्त सङ्ख्या ३० भन्दा बढी हुनुलाई नै मोटोपनामा गनिन्छ।

तर एक वर्षअघि कुद्रतुल्लाह वजन घटाउने यात्रामा लागे र मात्र १० महिनामा उनले आफूलाई स्वस्थ, तन्दुरुस्त र सक्रिय बनाए।

कुद्रतुल्लाहको वजन उनी किशोरावस्थामा हुँदादेखि बढ्न थालेको हो। त्यसको तीन वर्षमा जब उनको विद्यालयको पढाइ सकियो त्यो बेलासम्म त उनी थाहा हुने गरी नै मोटो भइसकेका थिए।

"मैले आफू जति मोटो मानिस कोही पनि कहिल्यै पनि देखेको थिइनँ। मेरो जीवन अरूको भन्दा कठिन थियो। म दैनिक कामकाज गर्न सक्दिनथेँ। तर अरूका लागि भने त्यही काम सामान्य हुन्थ्यो।

# स्टिल र एलुमिनियममा शुल्क लगाउने कार्यकारी आदेशमा हस्ताक्षर

**एएफपी**

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युरोप र चीनको चेतावनीका बाबजुद लामो समयदेखि प्रतिज्ञा गरिएको व्यापार युद्धलाई तीव्र पार्दै मार्च १२ देखि स्टिल र एलुमिनियम आयातमा २५ प्रतिशत शुल्क लगाउन कार्यकारी आदेशमा हस्ताक्षर गर्नुभएको छ ।

"आज म स्टिल र एलुमिनियममा हाम्रो शुल्कहरूलाई सरलीकरण गर्दैछु", ट्रम्पले सोमबार ओभल अफिसमा भन्नुभयो, "यो कुनै अपवाद वा छुट बिना २५ प्रतिशत हो ।"

त्यसपछि जारी गरिएको कार्यकारी आदेशमा उहाँले भन्नुभयो, "सन् २०२५ मार्च १२ सम्म अर्जेन्टिना, अस्ट्रेलिया, क्यानाडा, मेक्सिको, युरोपेली सङ्घ (इयु) का देशहरू र बेलायतबाट एलुमिनियम वस्तुहरू र व्युत्पन्न एलुमिनियम वस्तुहरूको सबै आयात अतिरिक्त विज्ञापन मूल्य शुल्कको अधीनमा हुनेछ ।"

ट्रम्पले स्टिलका लागि छुट्टै आदेश जारी गर्नुभयो । आदेशमा एलुमिनियम शुल्क लागेका सबै देशका साथै ब्राजिल, जापान र दक्षिण कोरियाबाट हुने सबै आयातमा लागू हुने बताइएको छ ।

अमेरिकी व्यापार तथ्याङ्कअनुसार क्यानाडा र मेक्सिको संयुक्त राज्य अमेरिकाका लागि सबैभन्दा ठूलो स्टिल आयातकर्ता हुन् । ब्राजिल र दक्षिण कोरिया पनि प्रमुख स्टिल आपूर्तिकर्ता हुन् ।

ट्रम्पले अटोमोबाइल, फार्मास्युटिकल्स र कम्प्युटर चिप्समा थप कर लगाउने पनि सङ्केत गर्नुभयो ।

# महिला फुटबल प्रतियोगिताको तयारी पूरा

काठमाण्डु । चार देश सम्मिलित अन्तरराष्ट्रिय महिला फुटबल प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले जनाएको छ ।

पहिलो पटक आयोजना गर्न लागिएको उक्त प्रतियोगिता आगामी फागुन ५ देखि १४ गतेसम्म सञ्चालन हुने आज यहाँ आयोजित पत्रकार सम्मेलनमा एन्फाका प्रवक्ता सुरेश शाहले जानकारी दिनुभयो । एन्फाले पहिलो पटक आयोजना गर्न लागेको चार देश सम्मिलित उक्त प्रतियोगितामा नेपालसँगै किर्गिस्तान, म्यान्मा र लेबनानको सहभागिता रहनेछ ।

उक्त प्रतियोगिताको 'टिकेटिङ राइट' रु एक करोड ३५ लाख र 'ब्रोडकास्टिङ राइट' रु ६६ लाखमा बिक्री गरेको एन्फाले जनाएको छ । त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा हुने उक्त प्रतियोगिताको टिकट दर 'भिआइपी'तर्फ रु एक हजार र साधारण प्यारापिटतर्फ रु ५०० तोकिएको छ ।

एन्फाका अनुसार सहभागी टोलीले अभ्यासका लागि सातदोबाटोस्थित एन्फा मुख्यालय मैदान र भद्रकालीस्थित नेपाली सेनाको खेलमैदान प्रयोग गर्नेछन् । प्रतियोगिताको अनुमानित बजेट करिब रु दुई करोड ५० लाख ५६ हजार १०४ लाग्ने आयोजकले जनाएको छ । रासस

# क्यान इन्फोटेक सम्पन्न

काठमाण्डु ।सूचना तथा सञ्चार प्रविधि क्षेत्रको सबैभन्दा ठूलो वार्षिक प्रदर्शनी 'क्यान इन्फोटेक २०२५' सफलतापूर्वक सम्पन्न भएको छ । कम्प्युटर एशोसिएसन नेपाल महासङ्घ (क्यान) द्वारा आयोजित ३०औँ संस्करण काठमाडौँको भृकुटीमण्डपमा माघ २४ देखि २८ गतेसम्म सञ्चालन भएको थियो ।

सूचना प्रविधि क्षेत्रमा नवप्रवर्तन, स्टार्टअप तथा प्रविधिप्रेमीहरूलाई एउटै मञ्चमा ल्याउने उद्देश्यसहित आयोजित प्रदर्शनीको उद्घाटन सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले गर्नुभएको थियो । सरकारका उच्च अधिकारी, व्यवसायी, नीति निर्माता, विद्यार्थी तथा प्रविधिप्रेमीको उल्लेख्य सहभागिता रहेको यस संस्करणले डिजिटल नेपाल निर्माणलाई नयाँ गति दिएको आयोजकले जनाएको छ ।

प्रदर्शनीको अन्तिम दिन सङ्घीय सरकारका पूर्वमन्त्री पार्वत गुरुङ, डा प्रकाशचन्द्र लोहनी, काठमाडौँ महानगरपालिकाकी उपप्रमुख सुनिता डङ्गोल, चर्चित भ्लगर शिशन बानियाँलगायतले अवलोकन गर्नुभएको थियो ।

क्यान इन्फोटेकमा सूचना प्रविधिका विश्वस्तरीय ब्राण्ड, दूरसञ्चार तथा इन्टरनेट सेवाप्रदायक, फिनटेक, इ-कमर्स, साइबर सुरक्षा र समाधान, ब्ल्याकचेन प्रविधि, एआई तथा डिजिटल साक्षरताका नयाँ पहलहरू प्रस्तुत गरिएको थियो । साथै नेपाली स्टार्टअप तथा नवप्रवर्तनकर्ताहरूका नवीनतम प्रविधि, सफ्टवेयर, एप्लिकेशन तथा स्वदेशी रूपमा विकसित प्रविधिहरू प्रदर्शनीका प्रमुख आकर्षक थिए ।

'मेसिन लर्निङ'मा आधारित एआई प्रविधि, स्वदेशी सफ्टवेयर, सेल्फ-ड्राइभिङ कार प्रविधिलगायत परियोजनाहरू अवलोकनकर्ताको मुख्य रोजाइमा परेको थियो । प्रदर्शनीमा आएका विज्ञ तथा सरोकारवालाहरूले नेपाली एआई प्रविधिलाई विश्वव्यापी रूपमा विस्तार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

क्यान महासङ्घका अध्यक्ष सुनैना घिमिरे पाण्डेले सूचना प्रविधि क्षेत्रको विकासका लागि सरकारसँग सहकार्य गरेर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँका अनुसार महासङ्घले 'डेटा प्रोटेक्सन' ऐन, 'राइड शेयरिङ' नीति, एआई प्रविधिका लागि आवश्यक तथ्याङ्क व्यवस्थापन तथा वैदेशिक लगानीसम्बन्धी ऐनमा संशोधन गर्नेलगायत विषयलाई प्राथमिकतामा राखेर नीति निर्माण प्रक्रिया अघि बढेको छ ।

यस संस्करणको क्यान इन्फोटेकमा दुई लाख बढीले अवलोकनकर्ताले अवलोकन गरेका आयोजकले जनाएको छ। प्रदर्शनीमा विभिन्न कम्पनीहरूले आफ्नो प्रविधि तथा सेवाको प्रदर्शन गर्ने उद्देश्यले एक सय ५५ प्रदर्शनी कक्ष राखिएको थियो । ती कम्पनीले उपभोक्तासँग अन्तरक्रिया, प्रविधि परीक्षण तथा विभिन्न प्रस्तावमार्फत सेवाका बारेमा प्रवर्द्धन गरेका अध्यक्ष पाण्डेले बताउनुभयो ।रासस

# बेलबारीमा दोस्रो प्रादेशिक ललितकला प्रदर्शनी हुँदै

**टुडे समाचारदाता**

विराटनगर । मोरङको बेलबारीमा नेपाल ललितकला प्रतिष्ठानको आयोजनामा दोस्रो प्रादेशिक ललितकला प्रदर्शनी हुने भएको छ ।

बेलबारी-१ स्थित तमू बुद्धिष्ट गुम्बामा आगामी फागुन १६ देखि २० गतेसम्म हुने प्रदर्शनीमा कोशी प्रदेशका सबै जिल्लाबाट सहभागी आउने अनुमान गरिएको आयोजकले जनाएको छ ।

प्रदर्शनीमा ललितकलाका सबै विधा समेटिने प्रदर्शनीका संयोजक सञ्जय वान्तवाले बताउनुभयो । उहाँले प्रादेशिक ललितकला प्रदर्शनी सम्पन्न गर्न ६१ सदस्यीय मूल आयोजक समिति र विभिन्न ११ उपसमिति गठन गरिएको जानकारी दिनुभयो ।

समसामयिक चित्रकला, परम्परागत चित्रकला, समसामयिक मूर्तिकला, परम्परागत मूर्तिकला, हस्तकला, भिडियो तथा फोटोग्राफी, मैथिली लोककला समावेश हुने उल्लेख गरिएको छ । साथै थारू लोककला, सन्थाल लोककला, राजवंशी लोककला, खवास लोककला, मौलिक रैथाने लोककला तथा अन्य सिर्जनात्मक कला, प्रतिस्थापन कला, वास्तुकला, भावभङ्गी कलाको पनि प्रदर्शनी गरिने बताइएको छ ।

यस्तै, १२ जनाको विज्ञ टोलीले प्रदर्शित कलाको व्यक्तिगत रूपमा मूल्याङकन गरेर दिएको नम्बर जोडेर आएको योगफलको आधारमा पुरस्कृत हुने कला छनोट गरिने बताइएको छ । पुरस्कृत हुने हरेक विधाका उत्कृष्ट कलाकारले रु २५ हजारका साथमा प्रमाणपत्र पाउनेछन् । प्रदर्शनीभरबाट उत्कृष्ट हुने एक जनाले रु ३० हजार र प्रमाणपत्र पाउने उल्लेख गरिएको छ ।

प्रदर्शनीबाट छानिएका कलाकृतिले राष्ट्रिय प्रदर्शनीमा सहभागी हुने मौका पाउने बताइएको छ । पहिलो दिन उद्घाटन समारोह, दोस्रो दिन राष्ट्रिय कलाकारसहितको कला कार्यशाला, तेस्रो दिन समसामयिक कला, लोककला तथा रैथाने कलासम्बन्धी अन्तरक्रिया, चौथो दिन सांस्कृतिक कार्यक्रम र पाँचौँ दिन समापन समारोहका कार्यक्रम हुने आयोजकले जनाएको छ ।

# अमेरिकी डलर फेरी चम्कियो




काठमाण्डु । नेपाल राष्ट्र बैंकले मंगलवारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलर, युरोपियन युरो, युके पाउन्ड स्ट्रलिङ, स्वस फ्र्याङ्कको मूल्य बढेको छ ।

अमेरिकी डलर एकको खरिददर एक सय ३९ रूपैयाँ ६७ पैसा र बिक्रीदर एक सय ४० रूपैयाँ २७ पैसा कायम भएको छ । युरोपियन युरो एकको खरिदर एक सय ४४ रूपैयाँ ३३ पैसा र बिक्रीदर एक सय ४४ रूपैयाँ ९५ पैसा तोकिएको छ ।

यस्तै, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर एक सय ७३ रूपैयाँ ४१ पैसा र बिक्रीदर एक सय ७४ रूपैयाँ १५ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर एक सय ५३ रूपैयाँ ५४ पैसा र बिक्रीदर एक सय ५४ रूपैयाँ २० पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ८७ रूपैयाँ ७४ पैसा र बिक्रीदर ८८ रूपैयाँ १२ पैसा, क्यानेडियन डलर एकको खरिददर ९७ रूपैयाँ ४३ पैसा र बिक्रीदर ९७ रूपैयाँ ८४ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय तीन रूपैयाँ २३ पैसा र बिक्रीदर एक सय तीन रूपैयाँ ६७ पैसा निर्धारण गरिएको छ । जापानी येन १० को खरिददर नौ रूपैयाँ १८ पैसा र बिक्रीदर नौ रूपैयाँ २२ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रूपैयाँ १२ पैसा र बिक्रीदर १९ रूपैयाँ २० पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रूपैयाँ २४ पैसा र बिक्रीदर ३७ रूपैयाँ ४० पैसा, कतारी रियाल एकको खरिददर ३८ रूपैयाँ ३१ पैसा र बिक्रीदर ३८ रूपैयाँ ४७ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रूपैयाँ १२ पैसा र बिक्रीदर चार रूपैयाँ १४ पैसा, युएई दिराम एकको खरिददर ३८ रूपैयाँ तीन पैसा र बिक्रीदर ३८ रूपैयाँ १९ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रूपैयाँ २५ पैसा र बिक्री दर ३१ रूपैयाँ ३८ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रूपैयाँ ६४ पैसा र बिक्रीदर नौ रूपैयाँ ६८ पैसा, स्विडिस क्रोनर एकको खरिददर १२ रूपैयाँ ८१ पैसा र बिक्रीदर १२ रूपैयाँ ८६ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रूपैयाँ ३५ पैसा र बिक्री दर १९ रूपैयाँ ४३ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिददर १७ रूपैयाँ ९३ पैसा र बिक्रीदर १८ रूपैयाँ एक पैसा, कुवेती दिनार एकको खरिददर चार सय ५२ रूपैयाँ ३३ पैसा र बिक्रीदर चार सय ५४ रूपैयाँ २७ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ७० रूपैयाँ ५२ पैसा र बिक्रीदर तीन सय ७२ रूपैयाँ ११ पैसा र ओमनी रियाल एकको खरिददर तीन सय ६२ रूपैयाँ ७७ पैसा र बिक्रीदर तीन सय ६४ रूपैयाँ ३२ पैसा निर्धारण भएको छ ।

यस्तै, भारतीय रूपैयाँ एक सयको खरिददर एक सय ६० रूपैयाँ र बिक्रीदर एक सय ६० रूपैयाँ १५ पैसा तोकिएको छ । राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको 'वेबसाइट'मा उपलब्ध हुने जनाइएको छ । रासस


## भुमिसुधार तथा मालपोत कार्यालय, धनुषा

### हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

रैति नम्बर २०५ को गौरी साहु तेलीको नाउँमा दर्ता रहेको साबिक पञ्चायत पटेर्वा मौजे पटेर्वा दक्षिणवारीको साबिक कि.नं. २४९ क्षे.फ. ०-४-३, ऐ.ऐ. सा.कि.नं. ४५ क्षे.फ. ०-१-९ र ऐ.ऐ. सा.कि.नं. १०६ क्षे.फ. ०-४-१९ जग्गा हाल गौरी साहु तेलीको नाउँमा सर्वे नापी भई दर्ता गर्न सम्म छुट भएको तपसिल बमोजिम कायम भएका जग्गाहरुको जग्गाधनी गौरी साहु तेली र निजको पत्नी जानकी देवी साह समेतको मिति २०३० साल भन्दा अगावै मृत्यु भईसकेको र निजहरुको कोखबाट छोरा सन्तानको जायजन्म नभई २ वटा छोरीहरु जेठी भुली साहु र कान्छी छोरी गुवदी देवी साहु भएकोमा निजहरुको संयुक्त मन्जुरीनामाले जि. धनुषा गा.वि.स. पटेर्वा वडा नं. २ हाल सबैला न.पा. वडा नं. ४ मा बस्ने जिया साह तेलीको नाती फौदार साह तेलीको छोरा निज जग्गाधनीको भतिजा मुसहरु साहु तेलीले छुट जग्गा नामसारी गरी पाउँ भनि द.नं. २२५६५ मिति २०८१/०१/१३ गतेको माग निवेदन दावी बमोजिम हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गर्न मिति २०८१/०६/१४ गतेको आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सूचना प्रकाशन गरिएको छ । तपसिलका उल्लेखित जग्गा निवेदकको नाउँमा एकलौटी छुट जग्गा दर्ता नामसारी भएमा अरु कसैको हक लाग्ने भए वा अन्य कोही हकदार भए वा निवेदकको हक नलाग्ने कुनै कारण भए तथा सरकारी, सार्वजनिक, ऐलानी, पर्ति, गुठी अधिनस्थ, मठ मन्दिर, शमसान घाट, सुकुमबासी बस्ती ईत्यादी कुनै प्रकृतिको जग्गा भए वा अन्य कसैले कुनै कारवाही चलाएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफुसंग भएको प्रमाण सहित भुमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषामा सप्रमाण दावी गर्न/सूचना गर्न आउनु होला । तोकिएको म्याद भित्र कोही कसैको दावी विरोध नपरे निवेदकको मागदावीलाई स्वीकार गरेको मानी कानून बमोजिम जग्गा दर्ता नामसारी समेत भई जानेछ । यस विषयमा पछि कसैको दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सुचित गरिन्छ ।

**तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | फिल्डबुकको कैफियत महल |
|---|---|---|---|---|
| पटेर्वा | १क | २२९ | ०-६-८ | यो जग्ग पटेर्वा बस्ने गौरी साहुको नम्बरी हो |
| पटेर्वा | १क | २१३ | ०-४-१८ | |



## भुमिसुधार तथा मालपोत कार्यालय, धनुषा

### हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा साबिक गा.वि.स. दुहवी वडा नं. ७ हाल विदेह नगरपालिका वडा नं. ३ मा बस्ने काली यादवको नाती लछे यादवको छोरा राजेश्वर यादवले मेरो नाउँमा दर्ता कायम रहेको तपसिल बमोजिमको जग्गाको मोठ श्रेष्ता खोज तलास गर्दा केही कित्ता जिर्ण भई गएको साथै केही कित्ताहरु खोजतलास गर्दा फेला नपरेको भनी यस कार्यालयको मोठ रोक्का भिडान भै आएको हुँदा निवेदकले श्रेष्ता कायम गरी पाउँ भन्ने समेत व्यहोरा खुलाई यस कार्यालयमा पेश गरेको दर्ता नं. २७७१२ मिति २०८१/०२/२७ को निवेदन माग दाबी ।

निवेदकको माग दावी अनुसारको तपसिल बमोजिमको जग्गाको जग्गा धनी श्रेष्ता कायम गर्दा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा यी निवेदकहरु बाहेक अन्य कोही व्यक्तिको नाउँमा हक हस्तान्तरण भएको भए साथै हकदावी पुग्ने भएको भए यो सूचना प्रकाशित भएको मितिले २५ दिन भित्र आफुसंग भएको सबुत प्रमाण लिई तपसिलमा उल्लेख भएको जग्गाको दावी उजुरी गर्न यस कार्यालयमा आउनु होला । सूचनाको म्याद भित्र दावी उजुरी नपरी म्याद समाप्त भएमा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाबाट सबैमा सुचित गरिएको छ ।

**तपसिल**

| जिल्ला | न.पा. | वडा नं. | कि.नं. | क्षे.फ. |
|---|---|---|---|---|
| धनुषा | दुहवी | ७ क | ६५ | ०-०-५ |
| धनुषा | दुहवी | ७ ख | २५६ | ०-०-६ |
| धनुषा | दुहवी | ७ ख | ६३ | ०-१-१६ |
| धनुषा | दुहवी | ७ क | ६४ | ०-०-११ |
| धनुषा | दुहवी | ७ क | १५३ | ०-३-१४ |
| धनुषा | दुहवी | ७ क | २५० | ०-१०-१५ |
| धनुषा | दुहवी | ७ ख | ६४ | ०-४-१० |
| धनुषा | दुहवी | ७ ख | १७१ | ०-५-१८ |
| धनुषा | दुहवी | ७ ख | १९७ | ०-०-७ |
| धनुषा | दुहवी | ७ ख | २०० | ०-०-१३ |
| धनुषा | दुहवी | ७ क | ८०५ | ०-२-६-१२ |
| धनुषा | दुहवी | ७ क | १०६० | ०-७-९-६ |
| धनुषा | दुहवी | ७ ख | ४६४ | ०-३-१६ |
| धनुषा | दुहवी | ७ क | २५१ | ०-११-४ |



## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान
## प्रादेशिक अस्पताल
## मधेश प्रदेश, जनकपुरधाम

### आधिकारिक आपूर्तिकर्ता (विक्रेता) मा सुचिकृत हुन र दररेट पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक सुचना प्रकाशन मिति :२०८१/१०/३०**

यस मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान एवं यस अन्र्तगतको प्रादेशिक अस्पताल जनकपुरधाम तथा अन्य अस्पतालको विभिन्न शाखामा रहेका निम्न अनुसारका मेशिनरी उपकरणमा प्रयोग हुने केमिकल तथा किटहरु प्रोपाइप सामानहरु (Close Item) को रुपमा आ.व. २०८१/२०८२ मा खरिद गर्नका लागि सम्बन्धित उत्पादक कम्पनि आधिकारिक बिक्रेता (प्रोप्राइटरहरु) को सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को १ (ग) एंव सार्वजनिक खरिद नियमावली २०६४ (एघारौ संशोधन सहित) को नियम ८५ (३) बमोजिम सुचिकृत हुन इच्छुक कम्पनि/फर्महरुले नविकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मु.अ. दर्ता प्रमाणपत्र, सम्बन्धित कम्पनीको एक मात्र आधिकारिक आपूर्तिकर्ता रहेका प्रमाणपत्र, आधिकारिक विक्रेता पत्र, पछिल्लो आ.व. २०८०/२०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाण्ति प्रतिलिपि तथा आन्तरिक राजस्व विभागमा आय विवरण बुझाएको विवरण सहित उल्लेखित मेशिनमा लाग्ने केमिकल्स तथा किटहरुको दररेट सहित सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय खुलेको दिन जनकपुरधाम स्थित मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्र्तगत रहेका प्रादेशिक अस्पतालको स्टोर शाखामा सुचिकृत भई दररेट पेश गर्नुहुन सम्बधित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| S. N. | Name of Equipment & Company | S. N. | Name of Equipment & Company |
|---|---|---|---|
| 1 | Electrolyte Analyzer (ERBALyte) | 23 | HPLC (Mindray) H50P Automated |
| 2 | Hematology Anaylzer 5 Part Yumizen 550 (Horiba) | 24 | Electrolyte Analyzer EXIAS |
| 3 | Fully Automatic Biochemistry BS 240/230 (Mindray) | 25 | Trimax DR X-ray Film |
| 4 | Electrolyte Analyzer (Horon) | 26 | Electrolyte Analyzer (HDC-Lyte) |
| 5 | Maglomi CLIA (Aventar Benepsera) | 27 | Nephometry (HIPRO) |
| 6 | Fully Automatic Biochemistry Analyzer BS 480 (Mindray) | 28 | Axceed P200 FIA |
| 7 | Fully Automatic CLIA 900i (Mindray) | 29 | Pi 700 Hematolgy Analyzer (Proken) |
| 8 | Fully Automatic 7 Diff Hematology Anaylzer BC-6200 (Mindray) | 30 | BC 5380 Hematolgy Analyzer (Mindray) |
| 9 | Control Sera/Reagent for S.N. 1to8 | 31 | Horan Electrolyte Analyzer (Horon) |
| 10 | Fuji Film X-ray | 32 | Medonic 3 Part CBC Hematology Analyzer (medonic) |
| 11 | PTINR (Agape) | 33 | Misap Clog (Agape) |
| 12 | Hematology Analyzer 3 Part M-30 Series (Mindray) | 34 | H50P Automated HPLC (Mindray) |
| 13 | HBA1C (Biorad) | 35 | BC 20S Hematology Analyzer (Mindray) |
| 14 | X-ray film DR/CR & CT (Konica Minolta) | 36 | ABG Analyzer (HDC-Lyte) |
| 15 | Hematology Analyzer 3 part (Medonic) | 37 | Hematolgy – Mythic 70 (Orphee) |
| 16 | Semi Automatic Cogulation Analyzer C2000-4 (Mindray) | 38 | Sodium Pottasium – Caretium XI – 1021 D |
| 17 | Automatic Blood Culture system TDR -X060 (Mindray) | 39 | Bio- Chemistry – CORMAY – Accent M 320 |
| 18 | Fully Automatic Analyzer 5 Part (Convergy) | 40 | POCT Machine – F 200 Standard |
| 19 | Fully Automatic 5/3 Diff Hematology Analyzer BC-5380 (Mindray) | 41 | Atellica SH, Atellica CH 930 & Atellica IM 1600 |
| 20 | Electrolyte Analyzer AFT -800 (Mindray) | 42 | BPL M RAD 5.0 (DR) |
| 21 | Arterial Blood Gas Analyzer (HBL) | 43 | Printer (Lucky) Model No. LIMIT– X (STD)- (DR) Volts -24 (DR), Cycles -50 (DR) |
| 22 | Arterial Blood Gas Analyzer (Sysmex) | 44 | Rikoh Dry X-ray film |

Terms and Conditions :- For Laboratory Instrument, Bidder Should Site/ mention the unit price or CPT i.e. Cost per Test (Inclusive of all consumable, Accessories, calibrator and Spare Parts) each test applicable in above instruments.

उल्लेखित समान आपूर्ति गर्ने एक भन्दा बढि सोही कम्पनीका आधिकारिक बिक्रेताद्वारा दररेट पेश हुन आएमा मुल्यांकन गरी कम दररेट कबोल गर्ने आपूर्तिकर्ता सँग सम्झौता गरी सामान आपूर्तिको व्यवस्था गरिन्छ । रित पूर्वक पेश हुन नआएको प्रस्ताव उपर कुनै कारबाही गरिने छैन । विस्तुत जानकारीको लागि वेबसाइट https://mihs.edu.np मा हेर्न सकिन्छ । साथै फर्म आशिंक वा पुरा स्वीकृत वा अस्वीकृत अधिकार प्रतिष्ठानमा निहित रहनेछ ।

**अस्पताल निर्देशक**



## श्री त्रिभुवन आदर्श माध्यमिक विद्यालय
### जनकपुरधाम उ.म.न.पा.-२३, विन्धी, धनुषा

### पोखरी ठेक्का सम्बन्धमा

यस श्री त्रिभुवन आदर्श मा.वि. विन्धी जनकपुरधाम-२३, धनुषाको नाममा दर्ता कायम रहेको तपसिल अनुसारको विवरण भएको पोखरी/डबरा/पर्ती ५ वर्षको लागि निम्न शर्तका आधारमा गोप्य खामबन्दीबाट ठेक्का लगाउनु परेकोले सम्बन्धित इच्छुक व्यक्तिहरुलाई ठेक्काका लागि फाराम भर्न अनुरोध गरिन्छ ।

| क्र. सं. | ठेगाना | कि.नं./ क्षे.फ. | न्यूनतम वार्षिक रकम | प्रयोजन | टेण्डर खरिद फाराम दस्तुर | फाराम वितरण मिति | फाराम दर्ता अन्तिम मिति २०८१।११।०५ गते बिहान १०:०० बजेदेखि दिउँसो १:०० बजेसम्म | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | जि.ध. जनकपुरधाम उ.म.न.पा.-२३ | ८१६/ ०-१६-०४ | ५१,०००।- | पर्ती जग्गा | ५००।- | २०८१।११।०१ गतेदेखि | टेण्डर खुल्ने समय मिति २०८१।११।०५ गते दिउँसो २:३० बजे | |
| २ | जि.ध. जनकपुरधाम उ.म.न.पा.-२३ | ४७/ ०-१६-१५ | ७५,१५०।- | माछापालन | ५००।- | | टेण्डर खुल्ने समय मिति २०८१।११।०५ गते दिउँसो २:३० बजे | |

**आवश्यक कागजात**

**क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी, बैंकको भाउचर**

१. कबोल गरेको ५ वर्षको कुल रकमको ५% रकम विद्यालयको ने.बैंक लि. हि.नं. ००८००१००४६४१६४००००१ मा जम्मा गरी सक्कलै भौचर पेश गर्नुपर्नेछ ।
२. भौचर ठेक्का भर्ने व्यक्तिको नाम कै हुनुपर्छ ।
३. ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र प्रथम किस्ताको रकम विद्यालयको खातामा जम्मा गरी धन जमानतको आवश्यक कागजातसहित चलन पुर्जीको लागि निवेदन दिनु पर्नेछ । धनजमानी प्रक्रिया समाप्त भएपछि चलन पुर्जीको प्रक्रिया अगाडि बढाइनेछ । समयमा निवेदन नदिए ठेक्काको धरौटी रकम जफत गरी सो भन्दा घटी वालको नाममा ठेक्का स्वीकृत हुनेछ ।
४. कबोल गरेको रकमको कम्तीमा एक वर्षको किस्ता बमोजिम रकमको धन जमानी राख्नु पर्नेछ ।
५. तीन भन्दा कम टेण्डर भरिएमा टेण्डर खोल्ने मिति सारिनेछ । थप टेण्डर भर्न समय दिइनेछ ।
६. विद्यालयको रकम बाँकी रहेको व्यक्तिको नाममा ठेक्का स्वीकृती हुने छैन ।
७. ठेक्का स्वीकृतिको अन्तिम निर्णय विद्यालयमा निहित हुनेछ ।
८. थप बुँदा सम्झौता पत्रमा सम्झौता भए बमोजिम हुनेछ ।
९. थप जानकारीको लागि विद्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**प्रधानाध्यापक**

# स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेका छौं : मुख्यमन्त्री सिंह



**टुडे समाचारदाता**

लहान । मधेश प्रदेशका मुख्यमन्त्री सतीश कुमार सिंहले प्रदेश सरकारले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेको बताएका छन् ।

सगरमाथा चौधरी आँखा अस्पताल लहानको ४२ औं वार्षिकोत्सव समारोहमा बोल्दै उनले यस वर्षको बजेटमा प्रदेशस्तरीय एक सुविधा सम्पन्न अस्पताल सञ्चालनमा आएको बताए । उनले तीनसय शैय्याको अस्पतालमा ५० जना एमबिबिएस उत्पादन गर्नेगरी काम अघि बढिसकेको र थप चार वटा अस्पताल सुचारु गर्ने जानकारी दिए ।

मुख्यमन्त्री सिंहले भने, 'अस्पताल रातारात सञ्चालनमा ल्याउन सकिँदैन । यसका लागि पूर्व तयारी र बजेट विनियोजन आवश्यक हुन्छ। हामी सरकारमा आउँदा तीन दिनको समयमा बजेट ल्याउनुपरेकोले सोचे अनुसारको काम हुन सकेन । यस आर्थिक वर्षमा स्वास्थ्य क्षेत्रको बजेट फराकिलो हुने गरी आउनेछ ।'

लहानको खुटी नहर सञ्चालनमा ल्याउन प्रदेश सरकारबाट यस वर्षको बजेट विनियोजन गरिने उनले जनाए । लहानमा निर्माण शिल्यान्यास भइ अलपत्र परेका शीत भण्डार निर्माणका लागि प्रक्रिया मिलाउन निर्देशन दिइसकेको मुख्यमन्त्री सिंहले प्रष्ट गरे ।

अस्पतालका प्रमुख संजय सिंहले सगरमाथा चौधरी आँखा अस्पतालले ४२ वर्षको अवधिमा सात लाख बिरामीको उपचार र ६५ हजार ९३५ बिरामीको शल्यक्रिया गरेको जानकारी दिए । कार्यक्रममा अस्पतालका जग्गा दाता स्वर्गीय छविलाल चौधरी र सरोवरलाल चौधरी, अस्पतालका संस्थापक जर्मन नागरिक अल्ब्रेच्ड हेनिङ र क्रिचिना हेनिङ्गप्रति सम्मान व्यक्त गरिएको थियो।

कार्यक्रममा लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरी, सिरहा नगरपालिका प्रमुख नवीन यादव धनुषाधाम नगरप्रमुख बालेश्वर मण्डल उदयपुर त्रियुगाा नगरपालिका प्रमुख बसन्त बस्नेत र लक्ष्मीपुर पतारी गाउँपालिका प्रमुख चतुरानन्द ठाकुरलाई अस्पतालसम्म बिरामी पुऱ्याएर गरेको योगदानको कदर गरी दोसल्ला ओढाएर सम्मान गरिएको थियो।कार्यक्रममा प्रदेशसभा सदस्य राजकुमार गुप्ता राजेन्द्रप्रसाद चौधरी र सिरहा जिल्ला समन्वय प्रमुख दिनेशकुमार महतोको उपस्थिति थियो।

# कांग्रेस एमाले प्रतिस्पर्धी संगै सहयात्री पनि: प्रदीप ज्ञवाली

**प्रचण्ड प्रधानमन्त्री हुँदा रास्वापा सभापति रवि लामिछानेको सांसद पद जाँदा उपचुनाव भएको चर्चा गर्दै अहिले त्यही प्रचण्ड सहकारी मुद्दामा एमाले कांग्रेस मिलेर रविलाई फसाउने काम गरेको भनेर उचाल्ने काम गरिरहेको ज्ञवालीले बताए ।**

**टुडे समाचारदाता**

रौतहट । नेकपा एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले नेपाली कांग्रेस र नेकपा एमाले प्रतिस्पर्धी संगै सहयात्री पनि रहेको विचार व्यक्त गरेका छन् । जब जब देशमाथि संकट आउछ तब तब यी दुई दल एक भएर हातेमालो गरी देश र नेपाली जनतालाई संकटबाट बाहिर ल्याएको उनले स्पष्ट पारे ।

नेकपा एमाले वडा केन्द्रित तीन महिने अभियान सम्बन्धी अभिमुखीकरण कार्यक्रममा उनले सो विचार व्यक्त गर्दै एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बनेपछि मुलुकमा विकासले गति लिएको बताए । उनले माओबादी अध्यक्ष प्रचण्डतर्फ संकेत गर्दै विकास हेरेर केही नेतालाई ज्वरो आउने गरेको टिप्पणी पनि गरे ।

नेकपाको दुईतिहाईको सरकार भत्काउनेहरु अहिले देशलाई अस्थिरता तिर लैजाने प्रयासमा रहेकाले कांग्रेस पार्टी संग मिलेर स्थायी सरकार बनेको उनले बताए ।

प्रचण्ड आफू प्रधानमन्त्री हुँदा देशमा सबै ठीक र सरकार छोडेपछि जनता माझ अनेक भ्रम पैदा गरिरहेको उनले आरोप लगाएका थिए ।

प्रचण्डकै अगुवाईमा कोशी प्रदेश नामकरण गरिएको थियो तर अहिले उनी प्रधानमन्त्री पदमा नरहँदा नागरिकलाई जुधाउने काम गरिरहेको आरोप लगाए ।




प्रचण्ड प्रधानमन्त्री हुँदा रास्वापा सभापति रवि लामिछानेको सांसद पद जाँदा उपचुनाव भएको चर्चा गर्दै अहिले त्यही प्रचण्ड सहकारी मुद्दामा एमाले कांग्रेस मिलेर रविलाई फसाउने काम गरेको भनेर उचाल्ने काम गरिरहेको ज्ञवालीले बताए । नेपालमा ३७ बर्ष एमाले भूमिगत रहेको पार्टी हो । त्यसको आधा अवधि प्रतिपक्षमा रहँदा कुनै फरक पारेन तर अहिले प्रचण्ड सत्ता छोड्ने बितिकै छटपटाएको आरोप लगाएका थिए ।

त्यसैगरी आफूलाई मधेशको मसीहा भन्ने नेता तथा मधेशबादी दलको एजेण्डा भित्र मधेशी जनताको पीडा कहिल्यै पर्न नसकेको एमालेका उपमहासचिव ज्ञवालीले दाबी गरे ।

कार्यक्रममा एमाले स्थायी कमिटी सदस्य काशीनाथ अधिकारी, पार्टी मधेश ईन्चार्ज लीलानाथ श्रेष्ठ, पार्टी जिल्ला ईन्चार्ज तथा केन्द्रीय सदस्य अजय गुप्ता, मधेश प्रदेश अध्यक्ष चन्देश्वर मण्डल लगायतले धारणा राखेका थिए ।

# वीरगञ्ज महानगरलाई जिल्ला प्रशासनको चेतावनी

**टुडे समाचारदाता**

वीरगञ्जावीरगन्जमहानगरपालिको गैरजिम्मेवारीपूर्ण कार्य उजागर भएको छ । भ्रष्टाचारमा डुबेको महानगरपालिकाका स्वास्थ्य र शिक्षा सेवा लथालिगं भएको तथ्य उजागर भएको छ ।

सोही क्रममा पाठेघरको खोप अभियानमा महानगरपालिकाको लापरबाहीबारे खबरदारी गर्दै जिल्ला प्रशासन कार्यालय पर्साले गल्ती सच्याउन पत्राचार गरेको छ।

जिल्ला प्रशासन कार्यालय पर्साले किशोरीलाई महिलाको पाठेघरको मुखमा हुने क्यान्सरविरुद्धको 'ह्युमन प्यापिलोमा भाइरस' (एचपिभी)खोप लगाइने क्रममा लापरबाही भएकाले कमजोरी सच्याउन वीरगञ्ज महानगरलाई निर्देशन दिएको छ ।

महानगर भित्रै एउटा सामुदायिक विद्यालयको खोपकेन्द्रमा खोप लगाउने क्रममा लापरबाही भएको जनाउदै प्रशासनले कमजोरी सच्याउन वीरगञ्ज महानगरलाई निर्देशन दिएको छ ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले वीरगञ्ज महानगरका प्रमुख प्रशासकीय अधिकृतलाई पत्र लेखेर नेपाल राष्ट्रिय माध्यमिक विद्यालय नगवामा सञ्चालन भएको खोप कार्यक्रममा लापरबाही भएकाले सो खोप कार्यक्रम स्थगन गर्न निर्देशन दिएका छन् ।




"विद्यालयको खोप कार्यक्रम स्थगन गरी नौ बुँदे निर्देशनका विषयपूर्ण कार्यान्वयनको सुनिश्चितता गरी आगामी दिनमा यस्तो लापरबाही नहुने कुराको सुनिश्चितता गरेरमात्र खोप कार्यक्रम सञ्चालन गर्नु/गराउनु हुन सूचित गरिएको छ", प्रजिअद्वारा लेखिएको पत्रमा उल्लेख छ । खोप सञ्चालन पूर्व जिल्ला खोप समन्वय समितिको बैठकमा पूर्वतयारी लगायत विषयमा पनि छलफल भएको कुराको समेत ध्यानाकर्षण गराइएको छ ।

प्रजिअ नेतृत्वमा खोपकेन्द्रमा पुगेको अनुगमन टोलीले खोप लगाउने स्थानको सरसफाइमा ध्यान नदिएको, 'सेफ्टी बक्स'को व्यवस्था नगरिएको र 'भ्याक्सिङ केरियर' तथा सिरिन्ज समेत फोहर भुइँमै राखेर खोप लगाइएको कमजोरी औंल्याइएको छ । " खोप स्थलमा न्यूनतम सावधानी, सरसफाइ, सुरक्षालगायत विषय उपेक्षित गरेको देखियो", सो पत्रमा भनिएको छ, "आइसप्याक लगायत सामग्री, कटन तथा निडललगायत स्वास्थ्य उपकरणको उपयुक्त तवरले प्रबन्ध नपाइएको छ ।"

सो अनुगमनका क्रममा खोप सञ्चालन पूर्व काउन्सिलिङ तथा खोप पश्चात आराम गर्ने स्थलको प्रबन्ध नगरिएको र सहभागी किशोरीको नाम दर्ताका क्रममा विद्यालयका विद्यार्थीलाई प्रयोग गरिएको जनाएको छ ।

पर्साका १४ वटै पालिकाका ३८ हजार पाँच सय ३७ जना किशोरीलाई एचपिभी खोप लगाउने कार्यक्रम छ । जिल्लामा सोमबारसम्म पहिलो चरणको खोप अभियान सम्पन्न भइसकेको छ। दोस्रो चरणको खोप अभियान भने माघ ३० देखि फागुन ६ गतेसम्म सञ्चालन गरिने छ ।

# मानव अधिकार आयोगका पदाधिकारीहरूसँग छलफल

**टुडे समाचारदाता**

जनकपुरधाम। राष्ट्रिय मानव अधिकार आयोगले मुलुकमा रहेको विद्यमान अवस्थामा मानव अधिकार उल्लङ्घनका प्रकृति बारे प्रदेश तहमा जानकारी लिन थालेका छन् ।

यसका लागि आयोगका केन्द्रीय अध्यक्ष तप बहादुर मगरसहितको उच्च अधिकारीहरू सम्मिलित रहेको टोलीले विभिन्न प्रदेशमा रहेका आयोगका प्रादेशिक कार्यालयहरूको सहकार्यमा मानव अधिकारकर्मी तथा पत्रकारहरूसँग छलफल तथा अन्तरक्रिया सुरु गरेका छन् ।

सो क्रममा आयोगको मधेश प्रदेशस्थित कार्यालयले मंगलबार जनकपुरधाममासरोकारवालाहरूसँग अन्तरक्रियामार्फत प्रदेशमा मानव अधिकार उल्लङ्घनका घटनाहरूको विषयमा जानकारी लिएको छ । कार्यक्रममा सहभागीहरूले मधेश प्रदेशका जिल्लाहरूमा जातीय छुवाछुत, महिला हिंसा तथा विभिन्न बहानामा राज्य पक्षबाट हुने गरेको मानव अधिकार उल्लङ्घनका विषयमा आयोगलाई जानकारी दिएका थिए ।



कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तप बहादुर मगरले राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिसहरूको कार्यान्वयन गर्नका लागि नागरिक समाजले सरकार माथि दबाब दिन जरुरी रहेको धारणा राखे । उनले मानव अधिकार उल्लङ्घनको विषय बृहत् भएकाले छुवाछुत तथा जातीय विभेदका कुराहरू हेर्नका लागि विभिन्न आयोगहरू भएतापनि सन्तोषजनक नदेखिएकोले मानव अधिकार आयोगले आफै काम गर्न लागेको जानकारी दिए ।

अध्यक्ष मगरले मानव अधिकार सम्बन्धि विभिन्न घटनाहरूको अनुसन्धान तथा खोचबिन गर्नका लागि आयोगले अन्य संवैधानिक आयोगहरूसँग सहकार्य गरेर काम गर्न संयन्त्र बनाएको बताए ।

कार्यक्रममा आयोगको मधेश प्रदेश कार्यालय प्रमुख बुद्धनारायण सहनीले प्रदेशमा मानव अधिकारको अवस्था तथा आयोगको प्रादेशिक कार्यालयमा परेका नयाँ तथा पुराना उजुरीका विषयमा जानकारी दिएका थिए ।

# मिडिया काउन्सिल विधेयकको विरोध




**टुडे समाचारदाता**

रौतहट । नेपाल सरकारले ल्याउन लागेको मिडिया काउन्सिल र सामाजिक संजाल विधेयकविरुद्ध रौतहटका संचारकर्मीहरूले प्रदर्शन गरेका छन् ।

सदरमुकाम गौरमा श्रमजीवी पत्रकार संघ रौतहटको नेतृत्वमा संचारकर्मीहरूले मंगलबार बीपी चोकमा कालो टेप टाँसी र विभिन्न प्ले कार्ड बोकेर विरोध जुलुस प्रदर्शन गरेका थिए । पत्रकारहरूले मलाई लेख्न र बोल्न दे सरकार भन्ने नारासहित मौन जुलुस प्रदर्शन गरेको थियो । प्रदर्शनकारीहरूले मिडिया काउन्सिल विधेयकको खारेजीको माग गर्दै सरकारको कदमलाई लोकतन्त्र र अभिव्यक्ति स्वतन्त्रताका लागि खतरापूर्ण ठहर गरेका छन् ।

श्रमजीवी पत्रकार संघ रौतहटका जिल्ला अध्यक्ष सन्तोष पौडेलले उक्त विधेयकलाई खारेजीको माग गर्दै अभिव्यक्ति स्वतन्त्रताका लागि संघर्ष र बलिदानी भएको मुलुकमा सरकारले मिडिया काउन्सिल र समाजिक संजाल विधेयक ल्याएर मिडियामाथि अंकुश लगाउने प्रयास गरिरहेको बताए ।

# सांसद झाद्वारा न्यायिक जाँचको माग

**टुडे समाचारदाता**



जनकपुरधाम । नेपालीकांग्रेसमधेशका प्रमुख सचेतक कुमरकान्त झाले धनुषा प्रहरीले एक महिलालाई अर्धवस्त्रमा पक्राउ गरेको घटनाप्रति गम्भीर आपत्ति जनाएका छन् । उनले सो घटनालाई घोर भर्त्सना गर्दै महिला सम्मान र महिला उत्थानका लागि भएका कुराहरूसँग यस घटनाको मेल नखाने बताएका छन् ।

प्रदेश सभाको मंगलबारको बैठकमा सांसद झाले प्रतिवादी महिलाको नाम बबिता महतो भएको उल्लेख गर्दै भने, 'महिलाको सम्मान र सुरक्षा माथि भइरहेका सबै कुरालाई हामीले गम्भीरताकासाथ लिन्छौं । तर, यस घटनामा प्रहरीको व्यवहारले महिलासशक्तिकरणको सिद्धान्तलाई धक्का पुर्याएको छ ।'

उनले यो घटना यो तरिकाले घट्नु भनेको हामी महिला अधिकार र सम्मानको कुरा गरिरहँदा त्यसको विरोधाभास रहेको जिकिर गरे । उनका अनुसार बबिता महतो नुहाइरहेको अवस्थामा प्रहरीले उनलाई समातेर धनुषा जिल्ला प्रहरी कार्यालयमा राखेको थियो ।

प्रदेश सभा सदस्य झाले सो घटनाको गम्भीर न्यायिक जाँचको माग गर्दै भने, 'हाम्रै प्रदेशका प्रहरीले नुहाइरहेकै अवस्थामा महिलालाई समातेर ल्याएको छ । यो घटनाले महिलाप्रतिको क्रूरता र अपमानको स्वरूप देखाउँछ ।'




**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८